# बाणगङ्गा नगरपालिकाको आ.व. २०८२।०८३ को प्रगति विवरण

## १७ औं नगरसभा

मितिः २०८२/०३/०५

**कार्यात्मक रणनीतिः**

**"ब्राण्ड बाणगङ्गा विलिभ बाणगङ्गा"**

**(Brand Banganga Believe Banganga)**

**नारा :**

**"समृद्ध बाणगङ्गाको मूल आधारः आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार"**

यस सभामा उपस्थित बाणगङ्गा नगरपालिकाका नगरसभा उपाध्यक्षज्यू, नगर सचिव ज्यू, नगर प्रवक्ताज्यू, सम्पूर्ण वडाध्यक्षज्यू, कार्यपालिकाका सदस्यज्यू, उपस्थित नगरसभाका सम्पूर्ण सदस्यज्यू, विषयगत शाखाका शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारी वर्गहरु । सर्वप्रथम यस सभामा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी पाल्नुहुने समग्र नगरसभा सदस्यहरुमा मेरो व्यक्तिगत तथा नगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु।

आजको यो सभा हामीले सङ्घीय प्रणाली अन्तर्गत गरेका विकासका कार्यहरूको समीक्षा, नागरिकमा पारेको प्रभावको मूल्याङ्कन र आगामी योजनाहरूको कार्यदिशा निर्धारण गर्ने एक महत्त्वपूर्ण मञ्च हो । हामीले विगतमा स्वीकृत गरेका नीति, कार्यक्रम र बजेटको कार्यान्वयन प्रगतिको विश्लेषण गर्ने, सेवा प्रवाहमा नागरिक सहभागिता बढाउने, र सुशासनलाई अझ प्रभावकारी बनाउने तथा आर्थिक वर्ष ०८२।०८३ को नीति कार्यक्रम र बजेट स्वीकृत गर्न यहाँ एकत्रित भएका छौं।

स्थानीय सरकार भनेको जनताको नजिकको सरकार हो । यहाँका हरेक गतिविधिहरू नागरिकहरूको आवश्यकता अनुरूप पारदर्शी, जवाफदेही र सहभागितामूलक हुनुपर्छ ।

हामीले यसै दृष्टिकोणका साथ विकासात्मक, प्रशासनिक र अन्तरनिकाय समन्वयका कार्यहरू गरिरहेका छौं । तर, अझै धेरै काम गर्न बाँकी छ।

सुशासनका मूल आधारहरू पारदर्शिता, जवाफदेहिता र समावेशीतालाई कायम गर्दै हामीले नागरिकहरूको विश्वास जित्नुपर्छ। यसका लागि सामूहिक सोच, सहकार्य र निरन्तर सुधारको मानसिकता अपनाउन आवश्यक छ । हाम्रो प्रयासले समाजमा सकारात्मक परिवर्तन ल्याउन सकेमा नै हामी सफल हुनेछौं ।

आज हामी देश सघीयतामा प्रवेश गरेपछि भएको दोस्रो स्थानीय तहको निर्वाचन पश्चात् आ.व. ०८१/०८२ को यस बाणगङ्गा नगरपालिकाले स्वीकृत गरेको नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनको अवस्था तथा स्वीकृत कार्यक्रमबाट समग्र नागरिकमा परेको असर र प्रभावको लेखाजोखा गरी आगामी दिनमा नगरपालिकाले सम्पादन गर्ने समग्र विकासात्मक, प्रशासनिक तथा अन्तरनिकाय समन्वयका गतिविधिहरुका सुधारात्मक मार्ग तय गरी समग्र नागरिकको स्थानीय सरकार प्रतिको भरोसा र सेवाप्रवाहमा नागरिक सहभागिता वृद्धि गरी नागरिकको खुसियाली वृद्धिमा सहजीकरण तथा सुशासनको कार्यदिशामा स्थानीय सरकारका हरेक गतिविधि अगाडि बढाउन तथा हालसम्म हामीहरुले गरेका विकासात्मक तथा प्रशासनिक गतिविधिबाट नागरिकमा परेका सकारात्मक तथा सुधारात्मक असर र प्रभावको सन्दर्भमा समीक्षा तथा विवेचनाको लागि निरन्तर प्रयासरत छौं ।

स्थानीय सरकार जनताको घरदैलोको सरकार भएको तथा यसका समग्र गतिविधि नागरिकमैत्री, सुशासनमैत्री, सेवा प्रवाहमा नागरिक सहभागिता तथा शीघ्रता कायम भई नागरिक सहभागिता उन्मुख, जनताले सुन्ने, देख्ने मात्र नभई अनुभुति गर्ने भएकोले स्थानीय सरकारबाट सेवा प्रवाह गर्दा शासक र सेवकको सम्बन्ध मात्र होइन, सहजकर्ता र सहअस्तित्वको सम्बन्ध हुनु पर्दछ भन्ने मान्यताका साथ हामीहरु सहभागिता, सहअस्तित्व र सहकार्यका आधारमा समग्र विकासात्मक, प्रशासनिक र अन्तरनिकाय समन्वय कार्यहरु निरन्तर गरिरहेका छौं । यो कार्य सम्पादन र उपलब्धि प्राप्त गर्न तथा उपलब्धिको प्रतिफल समानुपातिक, समावेशी तथा Right Base Approch मा वितरण गर्न सुशासन अपरिहार्य

छ । सुशासनका महत्त्वपूर्ण तत्व मध्ये पारदर्शिता र जवाफदेहिता यस्ता कार्यक्रमहरुबाट मापन गर्न सकिन्छ । अत: सार्वजनिक उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गरी नागरिकबाट प्राप्त अधिकारको सबल तथा सक्षम कार्यान्वयनमा हाम्रा लगावहरुको प्रतिफल सामुहिक रुपमा बजारीकरण गर्दै निरन्तर सुधारको मार्गमा सोच परिष्करण, व्यवहार परिष्करण, प्रविधि परिष्करण, विकासको आयामहरु परिष्करण  तथा सहशासनको मार्गमा अगाडि बढ्न हार्दिक अनुरोध गर्दछु ।

आदरणीय नगरसभा सदस्यज्यूहरु,

देश सङ्घीयतामा प्रवेश पश्चात् नेपालको संविधानले परिकल्पना गरेको सहकारितामा आधारित सङ्घीयता, सङ्घ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन२०७४, सङ्घ र प्रदेशका पञ्चवर्षीय योजना, स्थानीय तहबाट स्वीकृत आवधिक विकास योजना तथा ऐन, नियम, कार्यविधि, मार्गदर्शन, मापदण्ड, दिगो विकास लक्ष्य, मध्यमकालीन खर्च संरचना, नेपाल सरकार, प्रदेश सरकारले घोषणा गरेका राष्ट्रिय तथा प्रादेशिक अभियानलाई मध्यनजर गरी वार्षिक रुपमा  स्वीकृत नीति, कार्यक्रम तथा बजेटको आधारमा हरेक स्थानीय सरकारका विकासात्मक, प्रशासनिक तथा अन्तर निकाय समन्वयका गतिविधि सञ्चालन हुँदै आएको  छ । तद् अनुरुप यस बाणगङ्गा नगरपालिकाको यस आ.व.मा स्वीकृत भई कार्यान्वयनमा रहेको नीति कार्याक्रम र बजेटको हाल सम्मको प्रगति विवरण प्रस्तुत  गर्न अनुमति चाहन्छु ।

## १) <u>आ.व. २०८१/८२ को नीति कार्यक्रम तथा बजेट सम्बन्धी</u>

- आ.व. २०८१/०८२ को कुल बजेट रु. १ अर्ब २८ करोड ५ लाख २४ हजार रहेकोमा आर्थिक विकासतर्फ रु. ११ करोड ९० लाख २७ हजार, सामाजिक विकासतर्फ रु. ५६ करोड ९२ लाख ५९ हजार, पूर्वाधार विकासतर्फ रु. ४१ करोड ३५ लाख ८६ हजार , सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ रु. २४ करोड ३७ लाख २ हजार ९ सय, वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ ४ करोड ८७ लाख ४० हजार ५ सय ८० रुपैया  र हाल सम्म कुल विनियोजित रकमको ८०

प्रतिशत निकासा भई आजको दिन सम्म कुल प्रशासनिक र पुँजीगत खर्च ७४.५ प्रतिशत भएको देखिन्छ । आन्तरिक श्रोत परिचालनमा हाल सम्म १५ करोड ४ लाख ६१ हजार ४ सय ६३ रुपैया सङ्कलन भई राजस्व प्रक्षेपणको हालसम्म ८५ प्रतिशत भन्दा माथि प्रगति भएको देखिन्छ ।

- विगतको नगरसभाले नगरको विकासमा दिर्घकालिन महत्वका निम्नानुसारका योजनाहरु सञ्चालन गर्ने निर्णय गरेको थियो ।
  - दिगो विकास लक्ष्यका सम्पूर्ण सूचकहरुलाई स्थानीयकरण गर्दै लगिने ।
  - संविधानमा उल्लेखित एकल अधिकार क्षेत्र कार्यान्वयनको लागि संस्थागत, संरचनागत तथा वित्तीय व्यवस्थापन गर्दै जाने ।
  - आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच वृद्धि गर्ने ।
  - सीप तथा ज्ञानयुक्त शिक्षाको विकास, शिक्षामा नवप्रवर्तन तथा व्यवसायीकरण गर्ने ।
  - समावेशी विकासलाई जोड दिंदै, पछाडी परेका वर्ग र समुदायहरुको उत्थान तथा विकासमा जोड दिने ।
  - हरित अर्थतन्त्र तथा दिगो विकासमा निरन्तर कार्य गर्ने ।
  - राष्ट्रिय अभियान अन्तर्गत बालमैत्री, पूर्ण संस्थागत सुत्केरी, पूर्ण खोप लगायतका कार्यक्रमको दिगोपना तथा पूर्ण सरसफाइ, पोषणमैत्री जस्ता कार्यक्रमलाई प्राथमिकताको साथ सञ्चालन गर्ने ।
  - लागत सहभागिताका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिने ।
  - लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको माध्यमद्वारा अधिकारमा आधारित विकासको अबधारणालाई मूर्तरुप दिने ।
  - संविधानको मर्म अनुसार अन्तरतह तथा अन्तरनिकाय समन्वयलाई प्राथमिकताको साथ आत्मसात् गर्ने ।
  - नगरपालिकालाई आत्मनिर्भर बनाउन राजस्व सुधार योजना अनुरुप करका दर र दायरालाई समय सापेक्ष बनाई आत्मनिर्भरतर्फको यात्रालाई अगाडी बढाउने ।
  - नगरपालिकाभित्र सञ्चालन हुने लघु उद्योग, मध्यम र ठूला उद्योगहरु स्थापना र विस्तारमा सहजीकरण गर्ने ।

- नगरपालिकाको ब्राण्ड कायम गर्न कृषिमा आधुनिकीकरण, सीप विकासमा विविधीकरण तथा सेवा प्रवाहमा प्रविधिकरण गर्दै लगिने।
- नगरपालिकाको धार्मिक, सांस्कृतिक, भाषिक तथा रैथाने पद्धतिहरुलाई बाणगङ्गा सर्किटमा समावेश गरी प्रचार प्रसार, पुनर्निर्माण तथा संरक्षणमा लागत सहभागिता जुटाई उत्पादन, प्रवर्द्धन र विकास गर्ने।
- नगरका गौरवका आयोजनाहरु क्रमशः पुरा गरी नागरिक सन्तुष्टी प्रदान गर्ने।

आदरणीय नगरसभा सदस्यज्यूहरु

अब म हामीहरुले स्वीकृत गरेको नीति कार्यक्रम र बजेटको हालसम्मको क्षेत्रगत प्रगति सङ्क्षेपमा प्रस्तुत गर्दछु।

## २) क्षेत्रगत प्रगति अवस्था

### क) सुशासन तथा संस्थागत विकास

सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ रु. २४ करोड ३७ लाख २ हजार ९ सय विनियोजन गरिएकोमा देहायका क्षेत्रहरुमा देहाय बमोजिमका उपलब्धि प्राप्त भएका छन्।

**१) सामान्य सेवा**

- नगरपालिकालाई भौगोलिक रुपमा ११ वटा वडामा विभाजन गरी वडा प्रशासनिक केन्द्रमार्फत सामान्य सेवा प्रदान गरीएको छ।
- स्वास्थ्य तर्फ १ वटा (पिपरा) नगर अस्पताल, ६ वटा स्वास्थ्य चौकी, ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ वटा आयुर्वेद सेवा केन्द्र र १ वटा सहरी स्वास्थ्य क्लिनिक मार्फत जनताको आधारभूत सेवा परिपूर्ति गरिएको छ।
- शिक्षा तर्फ क्याम्पस ४, उच्च मा.वि १७, माध्यमिक विद्यालय १६, आधारभूत विद्यालय २७, बालविकास केन्द्र ६० र संस्थागत विद्यालय २७ मार्फत शैक्षिक अभियान सञ्चालन गरिएको छ।

**२) स्थानीय तथ्याङ्क र अभिलेख व्यवस्थापन**

- नगरपालिकाको पार्श्व चित्र निर्माण गरिएको,
- नगरपालिकाको सम्पत्ति व्यवस्थापन प्रणाली सुरु गरिएको,

**३) सुरक्षा व्यवस्थापन**

- नगर प्रहरीको दरबन्दी संख्या १५ जना पुऱ्याइएको छ।
- नगर प्रहरीलाई व्यारेक प्रणालीमा लैजान आधारभूत संरचना निर्माण गरिदैछ।
- अन्य सुरक्षा निकायसँग आवश्यक समन्वय गरिएको छ।

**४) सुशासन प्रवर्द्धन:**

- सेवा प्रवाहामा नागरिक सहभागिता सुनिश्चित गरिएको छ।
- सेवा प्रवाहमा आवश्यक ऐन, नियम, कार्यविधि, मापदण्ड र निर्देशिका स्वीकृत गरी कार्य सरलीकरण गरिएको छ।

**५) सूचना प्रविधि:**

- सेवा प्रवाहमा सरलीकरण, सूचना प्रणालीका आधारभूत प्रविधिहरु प्रयोग गरिएको छ।

**६) अनुसन्धान र विकास:**

- योजना प्रणालीलाई संस्थागत गर्न आवधिक विकास योजना, मध्यावधिक खर्च संरचना, राजस्व सुधार योजना, पर्यटन गुरुयोजना, औद्योगिक प्रोफाईल, वास प्लान, नगरपालिकाको सङ्गठनात्मक संरचना अध्ययन प्रतिवेदन, नगर प्रज्ञा प्रतिष्ठान, खेलकुद विकास समिति, नगर युवा परिषद् जस्ता समिति र दस्ताबेजहरु स्वीकृत गरी क्षेत्रगत तथा विषयगत सूचकहरुको आधारमा समग्र विकासात्मक, प्रशासनिक र अन्तरनिकाय समन्वयका गतिविधिहरु सञ्चालन गरिदै आईरहेका छौं।

**७) अन्य:**

- हाल ९५ जना करार र १२१ जना स्थायी गरी जम्मा २१६ जना कर्मचारीहरु कार्यरत रहेका छन।
- स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याकन (LISA) आ.व.२०८०/८१ मा ९४.७५, FRA मा ९३, प्राकृतिक श्रोत तथा वित्त आयोगको मुल्याङ्कनमा ७५.२ र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मूल्याङ्कनमा ८२.५ अंक प्राप्त गरी प्रतिस्पर्धामा खरो रुपमा प्रस्तुत हुन सफल भएको छ।

## ख) पूर्वाधार विकास

पूर्वाधार विकासतर्फ रु. ४१ करोड ३५ लाख ८६ हजार विनियोजन गरिएकोमा देहायका उपलब्धि प्राप्त भएका छन्

**१) भवन तथा बस्ती बिकास:**

- भवन तथा शहरी विकासतर्फ हाल सम्म नया घर दर्ता जम्मा १२८४ र पुरानो घर दर्ता जम्मा ४४८७ रहेका छन्। यसरी प्राप्त तथ्यांक विश्लेषण गर्दा अनिवार्य नक्सा पास गरी भवन निर्माण कार्य र अभिलेखीकरण गर्ने कार्यलाई थप व्यवस्थित गर्नु पर्ने देखिन्छ।

**२) जलश्रोत, उर्जा तथा स्वच्छ उर्जा:**

- जलस्रोतको उपयोग तथा संरक्षण गर्न जलाशययुक्त पोखरी, सिंचाई प्रणालीको दिगो व्यवस्थापनका लागि प्राथमिकतामा राखी योजना कार्यान्वयनमा जोड दिईएको छ।
- उज्यालो नगर कार्यक्रम अन्तर्गत सडक बत्ती राख्ने र जडित सडक बत्तीको मर्मत गर्ने कार्यलाई निरन्तरता दिईएको छ।

**३) सूचना तथा सञ्चार प्रविधि:**

- नगरभित्रका नागरिकहरुलाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन सुरक्षाकर्मीहरुको समन्वयमा सि.सि.टि.भि. क्यामरा जडानको प्रक्रिया अगाडि बढाईएको छ।
- सेवाग्राहीको सुविधालाई मध्यनजर गर्दै नगरको राजस्व सम्बन्धी सम्पूर्ण कारोबारलाई अनलाईन मैत्री बनाउँदै अनलाईन प्रणालीबाट राजस्व असुली गर्ने व्यवस्था मिलाईएको छ।
- नगरबाट प्रवाह गरिने सेवा तथा कार्यहरुको जानकारी गराउन डिजिटल बोर्डको व्यवस्था मिलाईएको छ।

**४) सिंचाई**

- नगरपालिकाभित्र विभिन्न सिंचाई प्रविधिमार्फत खेतियोग्य जमिनको ३६ प्रतिशत सिन्चित हुने व्यवस्था मिलाईएको छ।

**५) सडक तथा पुल:**

- अन्तरसरकार तथा अन्तरनिकाय समन्वयमा नगरपालिकाको गौरवका सडक तथा पुल पूर्वाधारहरुको निर्माण तथा सञ्चालनमा आवश्यक व्यवस्था मिलाईएको छ।

## ग) सामाजिक विकास

आर्थिक वर्ष ०८१।८२ मा सामाजिक विकासतर्फ रु. ५६ करोड ९२ लाख ५९ हजार रकम विनियोजन भएकोमा देहायका प्रमुख कार्यहरु सम्पन्न भएका छन्। सामाजिक विकास तर्फ शिक्षा, स्वास्थ्य, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, खानेपानी तथा सरसफाइ, जनसङ्ख्या व्यवस्थापन र पञ्जीकरणतर्फ देहायका उपलब्धि प्राप्त भएको छ।

- गुणस्तरीय र प्रतिस्पर्धी शिक्षा विकासमा टेवा पुऱ्याउन शिक्षा गुरुयोजना निर्माण गरी शैक्षिक उन्नयन प्राप्त गर्न आवश्यक लगानीको वातावरण श्रृजना गरिएको छ।

- सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा भएका प्रमुख बस्तीहरु (२१) वटा रहेका छन।
- १० वर्षे खानेपानी सरसफाइ तथा स्वच्छता योजना वास प्लान निर्माण कार्य सम्पन्न भएको छ।
- पञ्जीकरणतर्फ सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी, घटना दर्ता कार्य नियमित सञ्चालनमा ल्याइएको छ।
- आधारभूत स्वास्थ्य केन्द्र तथा पिपरा अस्पताल, आयुर्वेद स्वास्थ्य केन्द्र प्रविधि सम्पन्न बनाईदै लगिएको छ।
- नगरपालिकालाई पोषणमैत्री नगर घोषण गर्न आधार तयार गरिएको छ।
- समावेशी तथा समानुपातिक विकासलाई आत्मसात् गरी समाजमा पछाडी परेका वर्ग र समुदायको उत्थानको लागि निरन्तर समावेशी कार्यक्रम सञ्चालित छन्।
- पञ्जीकरण तर्फ जन्म, मृत्यु, विवाह,सम्बन्ध विच्छेद र बसाईसराई तर्फ जम्मा ३४१८ जनाले घटना दर्ता गरेका छन्।
- समाजिक सुरक्षा तर्फ १४७७० जना लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएको छ।
- विपन्न नागरिक औषधी उपचार तर्फ १६१ जनाले मासिक रु ५००० का दरले रकम प्राप्त गर्नुभएको छ।

## घ) आर्थिक विकास

**आर्थिक वर्ष ०८१।८२ मा** आर्थिक विकास तर्फ रु. ११ करोड ९० लाख २७ हजार **रकम विनियोजन भएको थियो ।** आर्थिक विकासतर्फ कृषि सेवा, पशु सेवा, सहकारी विकास, उद्योग तथा वाणिज्य,वित्तीय क्षेत्र, पर्यटन विकास तथा बाह्य क्षेत्र परिचालनमा देहायका उपलब्धि प्राप्त भएका छन्।

- कृषि तथा पशु विकासमा पकेट क्षेत्र विस्तार कार्यक्रम सञ्चालित भएका छन् ।
- नागरिकहरुको लागत सहभागितामा उत्पादनमा अनुदान, यान्त्रीकरण र प्रविधिकरण कार्यक्रम सञ्चालन भई आत्मनिर्भर उन्मुख भएको छ ।
- भू-उपयोग योजना, औद्योगिक प्रोफाईल, पर्यटन विकास गुरुयोजना तयार भई तत् क्षेत्रमा लगानीको वातावरण सृजना गरिएको छ ।
- नगरपालिकामा बैंक तथा वित्तीय संस्था ७४ वटा, व्यवसाय दर्ता ३१९१ र प्राईभेट फर्म १२५ वटा आवद्ध भएका छन् ।
- सहकारीतर्फ ६५ वटा सहकारी संस्थामा सेयर सदस्य ६३८६५ जना सेयर पुँजी ९२ करोड ९६ लाख ४७ हजार २ सय ५३ , बचत रकम ३ अर्व ७८ करोड २५ लाख २१ हजार ८ सय ६२ र ऋण लगानी ४ अर्व ३८ करोड ३० लाख २२ हजार ३० रुपैया श्रोत परिचालन भएको देखिन्छ ।

**ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

आर्थिक वर्ष ०८१।८२ मा वन, वातावरण तथा विपद् व्यवस्थापनमा रु ४ करोड ८७ लाख ४० हजार ५ सय ८० रुपैया रकम विनियोजन भएको थियो । वन तथा विपद व्यवस्थापन तर्फ वन तथा भू संरक्षण, फोहरमैला व्यवस्थापन, जलाधार संरक्षण, जल उत्पन्न प्रकोप नियन्त्रण, वातावरण संरक्षण, विपद व्यवस्थापन तथा वारुण यन्त्र सञ्चालन र जलवायु परिवर्तन क्षेत्रमा देहायका प्रमुख कार्यहरु सम्पन्न भएका छन् ।

- दिगो विकास, वातावरण सन्तुलन, हरियाली प्रवर्द्धन, नदीकटान नियन्त्रण तथा सन्तुलित विकासको क्षेत्रमा निरन्तर कार्य भईरहेको छ ।
- पूर्ण सरसफाइयुक्त नगरपालिका घोषणाको पूर्वाधार तयार भएको छ ।

आदरणीय नगरसभा सदस्यज्यूहरु,

माथि उल्लेखित विषयक्षेत्रगत कार्य उपलब्धिको हाल सम्मको तथ्याङ्कीय उपलब्धिहरु समष्टिगत रुपमा विषयगत समितिको प्रतिवेदनमा उपलब्ध गराइनेछ । अब म यस आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेटको समष्टिगत मार्गदर्शन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## बाणगङ्गा नगरपालिका आर्थिक वर्ष ०८२।०८३ को नीति कार्यक्रम तथा बजेट

**क) नीति, कार्यक्रम तथा बजेट देहाय बमोजिम हुनेछ:**

**क)उद्देश्यः**

समावेशी, समानुपातिक, सहभागितामूलक कार्यक्रम सञ्चालन गरी नगरपालिकाले तय गरेको कार्यात्मक रणनीति Believe Banganga Brand Banganga लाई आत्मसात् गर्दै जनताको खुसियाली अभिवृद्धि गर्ने।

**ख) लक्ष्यः**

दिगो विकास लक्ष्यका सूचकहरु क्रमशः पूरा गरी स्थानीयकरण गर्दै गरिवि निवारण गर्ने।

**ग) प्राथमिकताः**

देहायका विषय क्षेत्रमा संघ, प्रदेश, स्थानीय तथा नीजि क्षेत्रका लगानी अभिवृद्धि गरी सन्तुलित तथा प्रतिस्पर्धात्मक सेवा प्रवाह गर्ने।

१) सामाजिक विकास
२) पूर्वाधार विकास
३) सुशासन तथा संस्थागत विकास
४) आर्थिक विकास
५) वातावरण तथा विपद् व्यवस्थापन

उल्लेखित प्राथमिकता पुरा गर्न विषयक्षेत्रगत तपसिल बमोजिका गौरवका आयोजना तथा कार्यक्रम घोषण गरी क्रमशः पुरा गर्दै लगिने नीति आवलम्बन गरिने छ।

तपसिलः

१. कृषि तथा पशु विकास पकेट क्षेत्र बिस्तार
२. साना सिंचाई तथा कृषिमा यान्त्रिकरण आयोजना
३. पर्यटन सर्किट तथा धार्मिक तथा पर्यटकीय क्षेत्रमा लगानी
४. सहरी सडक पूर्वाधार निर्माण तथा चक्रपथ बिस्तार
५. फोहरमैला व्यवस्थापन केन्द्र निर्माण तथा पूर्ण सरसफाइ अभियान
६. नगर बसपार्क निर्माण तथा सहर सौन्दर्यीकरण
७. साना सहरी विकास कार्यक्रम तथा ढल निकास कार्यक्रम
८. एक घर एक धारा कार्यक्रम तथा स्वच्छ खानेपानी परिपूर्ति अभियान
९. राष्ट्रियस्तरको खेलकुद मैदान र रंगशाला निर्माण तथा अनुशासित, प्रतिस्पर्धी युवा निर्माण र आधुनिक खेल विकास

१०. पिपरा अस्पताल, आयुर्वेद स्वास्थ्य केन्द्र प्रविधि सम्पन्न भवन निर्माण
११. कृषि उपज सङ्कलन केन्द्र, हाट बजार निर्माण तथा आत्मनिर्भर कार्यक्रम
१२. गौसंरक्षण तथा एनिमल रिसर्च सेन्टर निर्माण
१३. औद्योगिकग्राम पूर्वाधार निर्माण तथा औद्योगिक कोरिडोर स्तरोन्नती
१४. बाणगङ्गा कोरिडोर , बाणगङ्गा बहुउदेश्यीय सभाहल निर्माण
१५. एक वन एक उद्यम कार्यक्रम तथा प्राकृतिक स्रोतको सही सदुपयोग
१६. स्मार्ट सिटि तथा सेटलाईट सिटि निर्माण र स्वच्छ वातावरण निर्माण
१७. सास्कृतिक संग्रहालय, प्रविधि सम्पन्न पुस्तकालय तथा अन्तरपुस्ता सीप हस्तान्तरण
१८. डिजिटल प्रशासन तथा सूचना प्रविधिमैत्री नागरिक सेवा, आत्मनिर्भर कार्यक्रम
१९. राष्ट्रिय तथा प्रादेशिक आभियान परिपूर्ण, तथा जनताको खुसियाली अभिवृद्धि
२०. दिगो विकासका लक्ष्यहरुलाई क्रमश: स्थानीयकरण तथा पूर्व नीतिको निरन्तरता
२१. सार्वजनिक निजी साझेदारी सहकारी क्षेत्रको पुँजी परिचालन
२२. भू- व्यवस्थापन तथा गरिबी निवारण
२३. शिक्षामा आधुनिकीकरण, प्रविधिकरण तथा नि:शुल्क शिक्षा अभियान
२४. समानुपातिक समावेशी तथा अधिकारमा आधारित विकास,

उल्लेखित विषय क्षेत्र तथा प्राथमिकतालाई सम्बोधन गर्न आ.व. ०८२।०८३ मा देहाय अनुसार श्रोत परिचालन गरिनेछ।

श्रोत अनुमान

| क्र.स | शीर्षक | रकम | अक्षरुपी |
|---|---|---|---|
| १ | संघ समानीकरण | १९,३८,००,०००। | १९ करोड ३८ लाख |
| २ | संघ राजस्व | १६,२०,००,०००। | १६ करोड २० लाख |
| ३ | प्रदेश समानीकरण | १,३४,३०,०००। | १ करोड ३४ लाख ३० हजार |
| ४ | प्रदेश राजस्व | १,६०,००,०००। | १ करोड ६० लाख |
| ५ | आन्तरिक प्राकृति श्रोत | ३,००,००,०००। | ३ करोड |
| ६ | आन्तरिक मालपोत रजिस्ट्रेशन | ५,००,००,०००। | ५ करोड |
| ७ | आन्तरिक अन्य + अल्या समेत | १९,९८,२६,९९२। | १९ करोड ९८ लाख २६ हजार ९९२ रुपैया |
| ८ | संघीय शर्सत | ५०,०२,००,०००। | ५० करोड २ लाख |
| ९ | संघीय समपुरक | ९१,००,०००। | ९१ लाख |
| १० | संघीय विशेष | ९०,००,०००। | ९० लाख |
| ११ | प्रदेश शर्सत | २,००,००,०००। | २ करोड |

| क्र.स | शीर्षक | रकम | अक्षरुपी |
|---|---|---|---|
| १२ | प्रदेश विशेष | ३०,००,०००। | ३० लाख |
| १३ | प्रदेश समपुरक | १,५०,००,०००। | १ करोड ५० लाख |
| १४ | सामाजिक सुरक्षा | ४९,६१,४३,००८। | ४९ करोड ६१ लाख ४३ हजार ८ रुपैया |
| १५ | सडक बोर्ड | ६५,००,०००। | ६५ लाख |
| १६ | अन्य संस्थागत आन्तरिक अनुदान | ४,००,००,०००। | ४ करोड |
| १७ | जिल्ला समन्वय समिति | ४०,००,०००। | ४० लाख |
| | जम्मा | १,७६,८०,००,०००। | १ अरव ७६ करोड ८० लाख |

अब म हामीहरुको लक्ष्य, उद्देश्य तथा प्राथमिकतालाई कार्यान्वयन गर्न आवश्यक पर्ने महत्त्वपूर्ण नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

क) **सामाजिक विकासः**

**"राष्ट्रिय र प्रादेशिक अभियान सम्पन्नताको सुनिश्चितता, सामाजिक विकासमा लगानी हाम्रो प्राथमिकता"** भन्ने अभियानलाई निरन्तरता दिदै देहायका विषयक्षेत्रमा देहाय बमोजिमको नीति अवलम्बन गरिनेछ ।

**१) स्वास्थ्य तथा पोषणः**

- बाल स्वास्थ्य कार्यक्रम अन्तर्गत पूर्णखोप दिगोपनाको अवस्थालाई कायम राख्ने र पाँच वर्ष मुनिका बालबालिकाहरुका लागि नियमित पोषणको अवस्था जाँच गर्ने कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- आमा सुरक्षा कार्यक्रम अन्तर्गत पूर्ण संस्थागत प्रसुति सेवायुक्त नगरपालिका दिगोपनाको अवस्था कायम राख्न, सुत्केरी हुने महिलाहरुको लागि नि:शुल्क एम्बुलेन्स सेवाको निरन्तरता, सुत्केरी हुने महिलालाई न्यानो झोला वितरण, नगर अस्पतालमा CEONC सहितको प्रसुति सेवा तथा महिलाहरुको पाठेघरको क्यान्सर स्क्रिनिङ्ग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नगरका सवै स्वास्थ्य संस्थालाई क्रमशः पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्दै पोषण मैत्री वडा र पोषणमैत्री नगरपालिका घोषणा गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पोषण मैत्री स्वास्थ्य संस्था, वडा तथा कार्यालय हुनका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

- विद्यालयमा अध्ययनरत बालबालिकाहरुको लागि विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत पत्रु खाना (Junk Food) नियन्त्रण, किशोरीहरुको लागि आईरन चक्की वितरण र रक्तअल्पता स्कृनिङ्ग तथा उपचार कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- क्षयरोग मुक्त नेपाल अभियानलाई निरन्तरता दिईनेछ। क्षयरोग नियन्त्रण एवं कुष्ठरोग निवारणको लागि खोजपडताल अभियान तथा स्कृनिङ्ग शिविर सञ्चालन गरिनेछ।
- नगरभित्रका स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधी उपकरणको अभाव हुन नदिन आवश्यक प्रबन्ध गरिनेछ। महामारी, विपद् तथा स्वास्थ्य संकटमा समेत औषधी सामग्री बफर स्टकको व्यवस्था गरिनेछ साथै नगरबासीलाई अझ गुणस्तरिय स्वास्थ्य सेवा पुऱ्याउनका लागि नगर भित्र रहेका निजी स्वास्थ्य संस्थाहरुसँग समन्वय र साझेदारीमा कार्यक्रम अघि बढाईनेछ।
- **"गुणस्तरीय स्वास्थ्य सेवा हाम्रो पौरख, सुविधायुक्त बाणगङ्गा अस्पताल नगर कै गौरव"** भन्ने नाराका साथ बाणगङ्गा नगरपालिकाद्वारा सञ्चालित पिपरा अस्पतालमा विशेषज्ञ सेवा विस्तरका लागि (स्त्री रोग, हाड जोर्नी, आँखा, मानसिक, नाक कान घाँटी, जनरल फिजिसियन) आवश्यक भौतिक पूर्वाधार तथा औषधी उपकरणको लागि कार्यक्रम अघि बढाईनेछ।
- बढ्दो मानसिक स्वास्थ्य समस्या र अस्वस्थकर जीवनशैलीका कारण दिनानुदिन बढ्दै गईरहेको नसर्ने रोगहरु क्यान्सर, मुटु रोग, मृगौला सम्बन्धी रोग र मानसिक रोगको न्यूनीकरणको लागि कृषि उत्पादनमा विषाधी प्रयोग न्यूनीकरण गरी अर्गानिक खानालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने साथै आध्यात्मिक, योग शिक्षा, व्यायाम र स्वस्थकर खानालाई प्रवर्द्धन गरिनेछ।
- थारु समुदायमा समस्याको रुपमा रहेको सिकल सेल एनेमियाका लागि स्कृनिङ्ग टेष्ट गर्ने र निदान भएका विरामीहरुको लागि उपचार सहयोग तथा विमाको कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- नगरभित्र बसोबास गर्ने मृगौला पिडित, डायलाईसिस गर्नुपर्ने विरामी र अपरेशनद्वारा सुत्केरी हुने महिलाहरुलाई आवश्यक पर्न सक्ने र रक्तसञ्चार सेवा शुल्क र यातायातको खर्च नगरबाटै व्यहोर्ने व्यवस्था गरिनेछ साथै पेटको क्यान्सर तथा Spinal Injury भएका विरामीको लागि सहयोग सामग्रीको व्यवस्था मिलाईने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- समुदायमा रहेर निस्वार्थ रुपमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने म.सा.स्वा.स्व.से.हरुलाई प्रोत्साहन गर्न स्वास्थ्य विमा र हित कोष लगायत विगतको

कार्यक्रमहरुलाई निरन्तरता दिँने र क्षमता अभिवृद्धिको लागि आधारभूत तथा रिफ्रेसर तालिमको व्यवस्था गरिनेछ ।

- नगरभित्र सञ्चालित सम्पूर्ण खोप केन्द्र र आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारको व्यवस्था मिलाईनेछ ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा र वैकल्पिक चिकित्सा सेवालाई प्रवर्द्धन गर्दै नसर्ने रोग नियन्त्रण तथा स्वस्थकर जीवनशैली यापनका लागि आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।
- आयुर्वेद औषधालयको स्तरोन्नती, योग ध्यान अभ्यास, पोषण, नागरिक आरोग्य तथा गाउँघर क्लिनिक जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ । नगरभित्र आयुर्वेदको पूर्वाधार विकास गर्दै आयुर्वेदिक औषधीहरुको नियमित उत्पादन तथा सहज वितरणको व्यवस्था मिलाइनेछ ।
- **"नगर प्रमुखको अभिभावकत्व, बाल स्वास्थ्यमा अपनत्व"** कार्यक्रम अन्तर्गत पूर्णखोप दिगोपनाको अवस्थालाई कायम राख्न र नगरका सबै स्वास्थ्य संस्थालाई क्रमशः पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्दै पोषण मैत्री नगरपालिका घोषणा गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- **"सर्वाङ्गिण स्वास्थ्य हाम्रो लक्ष्य, गतिशिल विकासमा वडा अध्यक्ष"** अभियानलाई प्रभावकारी बनाउन साप्ताहिक/पाक्षिक/मासिक रुपमा **"म सफा गर्छु मेरो नगर अन्तर्गत स्वास्थ्य संस्था/ कार्यालय/ विद्यालय"** कार्यक्रमलाई स्वास्थ्य संस्था, विद्यालय, टोल विकास संस्था, महिला सामुदायिक स्वास्थ्य स्वंयसेविका, वडा कार्यालय सम्मिलित सहभागितामूलक कार्यक्रम सञ्चालन गरी सरसफाइ एवं हरियाली प्रवर्द्धन तथा सौन्दर्यीकरण गरिनेछ । टोल विकास संस्था, आमा समूह र महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुलाई स्वास्थ्य तथा विकास सम्बन्धी सामाजिक व्यवहार परिवर्तन तालिम सञ्चालन गरिनेछ ।
- समुदायमा रहेर निस्वार्थ रुपमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्न स्वास्थ्य विमा र हित कोष लगायत विगतको कार्यक्रमहरुलाई निरन्तरता दिँदै प्रोत्साहन गरिनेछ ।

**२) शिक्षा, भाषा, कला तथा साहित्य**

- नगरपालिकाको समग्र शैक्षिक उन्नयनका लागि नगर शिक्षा योजना निर्माण, आवधिक योजनामा समग्र शिक्षाको योगदान, नीतिगत सरलीकरण तथा समग्र शिक्षा क्षेत्रको

विषयगत सन्तुलनको लागि शैक्षिक सूचक मापन र मूल्याङ्कनलाई संस्थागत गरिनेछ ।

- बालवालिकाको सिकाई वृद्धिका लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयको उपलब्धि सुधार गर्न मोडल कक्षा सञ्चालनार्थ सम्बन्धित विषय शिक्षक परिचालन गरिनेछ।
- नगरमा सञ्चालनमा रहेका सबै शैक्षिक संस्थाहरुको समान विकासका लागि सिकाई उपलब्धिमा सुधार गरेका विद्यालयको सुधार हुनाका कारण र विद्यालयले गरेका प्रयासहरुको जानकारी आफू कार्यरत विद्यालयमा योजनाका साथ सुधार गर्ने गरी मनोभावना विकासका लागि शिक्षक अनुभव आदानप्रदान गर्ने, विषय विज्ञताका आधारमा अर्को विद्यालयमा नमुना शिक्षणको थालनी गराइनेछ।
- विद्यालयमा अध्ययन गर्ने बालबालिका तथा कार्यरत कर्मचारीहरुको आचरण अनुशासन कार्यगत एकताका साथै राष्ट्रप्रति सद्भावको विकासका लागि स्काउट ,पिटि तालिम जस्ता कार्यक्रमहरुलाई प्रोत्साहन गरिनेछ।
- नगरमा सञ्चालनमा रहेका सबै शैक्षिक संस्थाहरुको समान विकासका लागि वडागत रुपमा जनप्रतिनिधि, विद्यालयको प्र .अ., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष र शिक्षक समेतको संयुक्त शैक्षिक सुधार सम्बन्धी छलफल अन्तरक्रियाको थालनी प्राप्त सुझावलाई कार्यान्वयनमा ल्याइनेछ।
- विपन्न परिवार र कुनै पनि हिंसामा परेका बालबालिकाको शैक्षिक निरन्तरताका लागि छात्रवृत्ति, शैक्षिक सामग्री वितरण अध्ययन सहयोग जस्ता प्रोत्साहन हुने कार्यक्रम ल्याईनेछ।
- किशोरकिशोरीहरुलाई आफ्नो भविष्यको बाटो कोर्न र आफूले निर्वाह गर्नु पर्ने काम कर्तव्य प्रति सहज बनाई असल नागरिक निर्माणमा जोड दिन नगर युवा परिषद्लाई सक्रिय बनाई परिचालन गरिनेछ।
- विद्यालयमा भएको जनशक्ति अभावलाई न्यूनीकरण गर्ने गरी स्वयम् शिक्षकको बैङ्क स्थापना गरी आवश्यकता अनुसार परिचालन गरिनेछ।
- विद्यालयमा अध्ययनरत बालबालिकाको मूल्याङ्कन प्रणालीमा सुधार ल्याउनका लागि परीक्षा मर्यादित, मापनयोग्य ,विश्वसनीय र वस्तुनिष्ठताका लागि आधारभूत तहको परीक्षालाई थप व्यवस्थित गरिदै लगिनेछ।
- विद्यालयको शैक्षिक प्रशासन तथा सम्पत्तिको संरक्षणमा निगरानी बढाउने उद्देश्यले सामुदायिक विद्यालयमा सि. सि. क्यामेरा जडान कार्यलाई प्रोत्साहन गर्न सहयोगी संस्थाहरुसँग सहकार्य गरिनेछ।

- विद्यालयमा अध्ययनरत बालबालिकाहरुको स्वास्थ्य अवस्थामा सुधार तथा पोषण सुधारमा जोड दिदै नमुनाको रुपमा सामुदायिक विद्यालयमा नर्स व्यवस्थालाई प्राथमिकताका साथ लागु गर्न पहल गरिनेछ।
- बालबालिकाहरुको बोल्ने बानीको विकास तथा मान्यजनहरुसँग केही अनुभव सिक्ने सिकाउने बानीको विकासका लागि मेयरसँग विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरभित्रका सम्पूर्ण धार्मिक र सांस्कृतिक सम्पदाहरुको सूचीकरण गर्दै बौद्धिक सम्मेलनको आयोजना गर्न पहल गरिनेछ।
- नगरभित्रका लेखक तथा रचनाकारहरुको सूचीकरण गरी उनीहरुबाट सिर्जना भएका लेख, रचनाहरुको सङ्कलन गरी दस्ताबेज अभिलेखीकरण गरी ग्रन्थ निर्माण प्रकृया अगाडि बढाईनेछ र उत्कृष्ट लेख रचनाका सर्जककर्ताहरुलाई सम्मान कार्यक्रमको निरन्तरता दिइनेछ।
- नगरभित्र बोलिने विभिन्न भाषा तथा लिपिहरुको खोजी र दस्ताबेजीकरणमा जोड दिई भाषा संस्कृतिको संरक्षण गरिनेछ।
- नगरभित्र रहेका पुरातात्विक महत्व बोकेका क्षेत्रहरुको पहिचान गरी सांस्कृतिक संग्रहालयको निर्माणलाई प्राथमिकता दिई संस्कृतिको संरक्षण गरिनेछ।
- विभिन्न धर्म सम्प्रदायहरुको चाड पर्व र मोहत्सवमा सञ्चालन हुने विभिन्न जात्रा / महोत्सवहरु आदिको दस्ताबेजीकरणलाई प्राथमिकता दिई नगरबाट हुने सहयोगलाई निरन्तरता दिइनेछ।
- नगरभित्र सञ्चालित पुस्तकालय ,वाचनालयहरुको संरक्षण र सम्वर्द्धन गर्ने र आधुनिक स्मार्ट पुस्तकालय निर्माणको लागि पहल गरिनेछ।
- नगरपालिकाको स्थानीय पाठयक्रममा स्थानीय भाषा ,संस्कृति ,साहित्य र कला समावेश गरी विद्यालयस्तर देखिनै साहित्यिक जागरणलाई प्रोत्साहन गरिनेछ।
- समग्र बाणगङ्गा नगरपालिकाको समृद्धिको लागि स्थानीय कला, संस्कृति साहित्य तथा पुरातात्विक सम्पदाको पहिचान गरी संरक्षण र सम्बर्द्धनमा नागरिक सहभागिता वृद्धि गरिनेछ।
- नगरपालिकाभित्र प्रतिस्पर्धात्मक शिक्षा तथा गुणात्मक शिक्षा विकासका लागि आवश्यक शैक्षिक मापदण्ड निर्धारण गरी क्रमशः लागु गरिनुका साथै शिक्षण कार्यलाई सूचना र प्रविधिसँग जोड्न विद्यालयहरुमा डिजिटल सामग्री वितरण कार्यमा पहल गरिनेछ।

- नगरलाई बालमैत्री स्थानीय शासन दीगोपनाको सुनिश्चितताको लागि नियुक्त भएका बालमैत्री सहजकर्ताको भूमिकालाई अझ सशक्त रुपमा आ-आफ्नो वडामा बालबालिका केन्द्रित लगानी योजना अनुरुपका कार्यक्रम सञ्चालन गर्न प्रेरित गरिनेछ ।
- विद्यालय कर्मचारी तथा बालविकास केन्द्रका शिक्षकहरुको कार्यमा थप हौसला प्रदान गर्न दिदै आएको नगर प्रोत्साहनलाई समयानुकुल वृद्धि गर्दै लगिनेछ ।
- विद्यालय दिवाखजामा पत्रुखाना निषेध गर्दै विद्यालयको सेवा क्षेत्रको १०० मिटर भित्र सूर्तिजन्य  पदार्थ, मादक पदार्थ लगायत तयारी प्याकेजिङ्ग खाजा निषेध विद्यालय क्षेत्र घोषणा गरिनेछ ।
- मेरो विद्यालय मेरो दायित्व कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि विद्यालयका पूर्व विद्यार्थीहरुको संलग्नतामा सामुदायिक विद्यालयहरुको समग्र विकासमा सहयोग गरी गुणस्तर सुधार गर्ने वातावरण सृजना गरिनेछ ।

**३) खानेपानी तथा सरसफाइ**

- सरसफाइमा सबैको अपनत्व हुने गरी दिगो, आय तथा रोजगारीमूलक, प्रविधि र वातावरणमैत्री सरसफाइ नीति अबलम्बन गरिनेछ । सार्वजनिक-निजी सहकार्यमा सरसफाइबाट प्राप्त हुने प्रत्यक्ष लाभ स्थानीय समुदायमा पुऱ्याउन स्थानीय संस्थाहरुको नवप्रवर्तन सोँच र सहभागितालाई प्रोत्साहित गराइनेछ ।
- नगरबासीलाई स्वच्छ र गुणस्तरीय खानेपानी सेवाको उपलब्धता सुनिश्चित हुनेगरी सेवा प्रदायक संस्थाहरुको नियमित अनुगमन गरिनेछ । खानेपानी र सरसफाइ क्षेत्रका दिगो विकास लक्ष्यहरू हासिल गर्नका लागि संघ र प्रदेश सरकारसँग सहकार्य, अधुरा खानेपानी आयोजनाहरूको निर्माण, मर्मत र सञ्चालन गरी पानीको पहुँच पुराउन आवश्यक पहल गरिनेछ ।
- खानेपानी सेवा प्रदायकहरुको क्षमता अभिवृद्धि गर्न लेखा व्यवस्थापन, जिन्सी व्यवस्थापन, खरिद प्रकृया, सफ्टवेयर सञ्चालन, आधारभूत करम्प्युटरमा पहुँच जस्ता तालिमहरु सञ्चालन गरिनेछ ।
- खानेपानी सेवा प्रदायकहरुको लागि एकीकृत जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्न र धारा जडान तथा मासिक महसुलमा देखिएको भिन्नतालाई एकरुपता कायम गर्न अनुभवी व्यक्तिहरु सहितको एक अध्ययन टोली गठन गरी जिम्मेवारी दिईनेछ ।

- करिव ५०० उपभोक्ता भएका खानेपानी सेवा प्रदायक संस्थाहरुलाई खानेपानी सफ्टेवयर र Water Meter Reader Device उपलब्ध गराई महसुल व्यवस्थापनमा एकरुपता कायम गर्दै लगिनेछ।
- नगरको सरसफाइ व्यवस्थापनको लागि खानेपानी सरसफाइ नगर महासंघसँग विभिन्न पालिकाहरुको ठोस फोहर व्यवस्थापन र सेफ्टीटेंकको लेदो पदार्थ प्रसोधन सम्बन्धी अभ्यासहरु अवलोकन गराई स्थानीय संस्थाहरुसंगको सहकार्यलाई जोड दिईनेछ।
- विपन्नताको कारणले विद्युत मिटर एवं खानेपानी धारा जडान गर्न नसक्ने परिवारलाई निःशुल्क विद्युत मिटर र खानेपानी मिटर जडान गर्न सम्बन्धित निकायमा आवश्यक पहल एवं अनुदानको व्यवस्था निरन्तरता दिईनेछ।

**४) महिला, बालबालिका तथा सामावेशीकरण**

- महिला, किशोरी र अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, सम्बर्द्धन र रोजगारी निर्माणका लागि कार्यक्रमहरु विनियोजन गरिनेछ।
- स्थानीय तहमा निर्माण गरिने भौतिक, सामाजिक, आर्थिक, शैक्षिक तथा सबै प्रकारका योजनाहरुमा लैङ्गिक, बाल तथा अपाङ्गता मैत्री बनाउनका लागि आवश्यक कार्य गरिनेछ।
- लैङ्गिक तथा घरेलु हिंसा, यौन शोषण लगायत जोखिममा परेका बालबालिका, अपाङगता, एकल महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरुलाई दृष्टिगत गरी अवसर र हित प्रवर्द्धन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरबाट प्रदान गरिने सेवाहरुमा असहाय, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती सुत्केरी र अशक्तलाई सेवामा अग्राधिकार दिइनेछ।
- युवाहरुमा बढ्दो रुपमा देखिएको लागूपदार्थ दुर्व्यसनीलाई निरुत्साहित गर्न विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी कार्यक्रमहरु तय गरिनेछ।
- गरिबी न्यूनीकरण र समान सामाजिक विकासका लागि सकारात्मक विभेदको नीति लिइनेछ।
- मानवीय मूल्य र मान्यतालाई आत्मसात् गरी मानव सभ्यता र संस्कृतिहरुको प्रवर्द्धन गर्दै, सरल जीवन शैली र पद्धतिको धरातलमा बालमैत्री मानवताको सहर बाणगङ्गा नगर बनाउने लक्ष्यकासाथ अभियान तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- आदिवासी, जनजाति, थारु, मुस्लिम, अशक्त तथा विपन्न समुदायलाई लक्षित गरी उनीहरुको उत्थानमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- सबै किसिमका सामाजिक विभेद ( जातीय, लैङगिक, धार्मिक, भाषिक, सांस्कृतिक ) जस्ता विभेदहरुलाई निषेध एवं निरुत्साहित गरिनेछ।
- महिला, आदिवासी जनजाति, दलित लगायतका लक्षित वर्ग र समुदायलाई सशक्तीकरणका माध्यमबाट मूलप्रवाहमा ल्याइनेछ।
- नगरभित्रका अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामाग्रीको उचित व्यवस्था गरिनेछ।
- श्रमिक महिलाहरुको आवश्यकता र शिशुको स्याहार, पोषणको अवस्थालाई ख्याल गरी कार्यक्रमहरु तय गरिनेछ।
- समाजका अग्रज सम्मानित ज्येष्ठ नागरिकको भूमिका र योगदानलाई उच्च महत्व दिँदै प्राथमिकतामा राखिनेछ।
- लैङ्गिक, अपाङ्गता, ज्येष्ठ नागरिकमैत्री, बालश्रममुक्त तथा बालमैत्री नगर बनाउने अभियान सञ्चालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको पुनस्थपना र विकासको लागि नगर प्रोफाईल निर्माण गरी लगानी वृद्धि गरिनेछ।
- ज्येष्ठ नागरिकहरुमा रहेको सीप तथा क्षमतालाई अन्तरपुस्ता सीप हस्तान्तरण गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

**५) युवा, खेलकुद तथा नवप्रवर्तन**

- खेककुदलाई संस्थागत गर्न **एक वडा एक खेलमैदान, एक खेल विद्या एक खेलमैदान**को अवधारणालाई अन्तरनिकाय लगानीमा क्रमश: निर्माण गरिनेछ।
- खेलाडीहरुलाई प्रतिस्पर्धात्मक खेल विकास गर्न सम्मान, प्रोत्साहन तथा संरक्षणको नीति अवलम्बन गरिनेछ।
- विद्यालयमा बालबालिकाहरुका लागि खेल प्रति रुचि जगाइ भविष्यमा खेलकुदको क्षेत्रमा स्तरीय खेलाडी उत्पादनमा सहयोग पुग्ने गरी विद्यालयस्तरमा कार्यरत शिक्षकहरुको क्षमता विकासमा जोड दिइनेछ।

- नगरमा सञ्चालन हुने सबै प्रकारका खेलहरुको नियमन व्यवस्थापन र स्वच्छता कायम गर्नका लागि खेलकुद विकास समितिलाइ प्रोत्साहन गरिनेछ ।
- नगरबासी युवाहरुको खेलप्रति चाख जगाउन र नगरको खेलकुदको क्षेत्रमा गुणस्तर ल्याउनका लागि विभिन्न खेलकुदहरुको आयोजना गरी राष्ट्रियस्तरका खेलाडी उत्पादनमा योगदान हुने गरी खेलको आयोजना गरिनेछ ।
- नविनतम सोचको विकास र प्रयोगमा युवाहरुको लगाव बढाउन नवप्रवर्तन संरक्षण कोषमार्फत युवा प्रतिभा पहिचान गरी नगरपालिकाको चिनारी तथा विकासात्मक गतिविधिमा सहयोग गर्न आवश्यक पहल गरिनेछ ।
- विगत देखि आयोजना हुँदै आएका राष्ट्रपती रनिङ्शिल्ड, मेयर कप फुटबल, डोरी तान प्रतियोगिता जस्ता खेलहरुलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिँदै खेल प्रति महिलाहरुको रुची र उत्साहलाई आत्मसात् गर्दै नीतिगत व्यवस्था गरी प्रतिस्पर्धात्मक खेलको विकास गर्न उपमेयर कप नगरस्तरिय भलिबल प्रतियोगिता सञ्चालन गरिनेछ ।
- नगर प्रज्ञा प्रतिष्ठानलाई अनुसन्धानमूलक कार्यमा लगाईनेछ । त्यसबाट प्राप्त उपलब्धिलाई नगरको समग्र विकासमा आवद्ध गरिनेछ ।

**६) सामाजिक सुरक्षा तथा पञ्जीकरण**

- **"असहायको साथमा नगरपालिका, घर घरमा सामाजिक सुरक्षा"** कार्यक्रम मार्फत पूर्ण अपाङ्ग, अति अशक्त अपाङ्ग तथा अशक्त ज्येष्ठ नागरिकहरुका लागि सामाजिक सुरक्षा भत्ता नवीकरण तथा वितरण बैंकसँगको सहकार्यमा घरमै गई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रत्येक वर्षको बैशाख १ गते देखि ७ गते सम्म देशव्यापी रुपमा मनाइने व्यक्तिगत घटना दर्ता सप्ताहलाई सरोकारवाला निकायहरुसँग विभिन्न कार्यक्रम गरी मनाइनेछ ।
- **"नगर प्रमुखको चासो, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको गुनासो"** कार्यक्रम मार्फत प्रत्येक महिना नगर प्रमुखबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको गुनासो सुनुवाइ गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षालाई थप प्रभावकारी र पारदर्शी बनाइनेछ र पञ्जीकरण लाभग्राही नगर प्रमुख घर भेटघाट कार्यक्रमको सुरुवात गरिनेछ ।
- प्रसुति सेवा सुचारु भएका स्वास्थ्य संस्थाहरुमा Birth Registration System लागु गरी अनलाईन मार्फत जन्म अभिलेख राख्ने व्यवस्था मिलाईनेछ । साथै व्यक्तिगत

घटना दर्ता तथा सामाजिक सुरक्षामा संलग्न कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न पहल गरिनेछ ।

**ख) पूर्वाधार विकासः**

क) **पूर्वाधार विकासः**

नगरपालिकाको **"दीगो तथा उत्थानशील पूर्वाधार, गुणस्तरीय र भरपर्दो विकासको आधार"** भन्ने उद्देश्यका साथ नगरपालिका विकासको गतिमा अगाडि बढेको छ । सिमित स्रोत र साधनका बावजुत हाम्रा असिमित तर अत्यावश्यक आवश्यकताहरु परिपूर्ति गर्नु पर्ने बाध्यता रहिआएकोले योजना प्राथमिकताको आधारमा कार्यान्वयन गर्नु बाहेक अन्य विकल्प नरहेको व्यहोरा जगजाहेर नै छ तसर्थ तपसिलमा उल्लेख भए बमोजिमका नीतिको आधारमा आगामी आ.व.को बजेट तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

**१) भवन तथा बस्ती विकासः**

- भवन तथा बस्ती विकास सम्बन्धी आधारभूत मापदण्ड र राष्ट्रिय भवन संहिता बमोजिम नयाँ भवन,आवासीय तथा व्यवसायिक भवन निर्माणलाई व्यवस्थित गर्न घरनक्सा पास सम्बन्धी कार्यलाई व्यवस्थित गरिदै लगिनेछ ।
- घर नक्साको कार्यलाई डिजिटाईजेसन गरी डिजिटलाईज प्रविधिबाट नगर पार्श्व चित्र अद्यावधिक गरिनेछ ।
- घर नम्वरिङ गर्ने कार्यको लागि तथ्याङ्कहरु एकीकृत रुपमा सङ्कलन गरी घर नक्साको अभिलेख गर्ने कार्यलाई विद्युतीय प्रणालीमा रुपान्तरण गरिनेछ ।
- व्यवस्थित सहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न घरधनी, मिस्त्री, सिकर्मी र डकर्मीहरुलाई चरणबद्धरुपमा निर्माण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।
- भवन मापदण्ड लागु हुनु पूर्व सम्पन्न भएका घरको नक्साङ्कन गरी नक्सा नियमित गरिनेछ ।
- नयाँ घर निर्माण दर्ता गरेको २ वर्ष अवधिसम्म भवन सम्पन्न नगरेको खण्डमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार ५ % जरिवाना लिई पुन २ वर्ष म्याद थप हुने

प्रावधान रहेको र थप २ वर्ष भित्र सम्पन्नता प्रमाणपत्र नलगेमा थप १०% जरिवाना लिई आंशिक प्रमाण पत्र दिईने व्यवस्थालाई निरन्तरता दिईनेछ।

## २) सडक, पुल तथा यातायात

- **"समृद्ध बाणगङ्गाको मूल आधार, आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार"** लाई अभियानको रुपमा कार्यान्वयन गरिनेछ।
- नगरपालिकाको गौरवको रुपमा रहेका योजनाहरुलाई समयमा सम्पन्न गर्न संघ र प्रदेश सरकारसँगको समन्वय र सहजीकरणमा लगानी अभिवृद्धि गरिदै लगिनेछ।
- **"नगर समृद्धिको दीर्घकालिन आधार, फराकिलो र व्यवस्थित सडक पूर्वाधार"** भन्ने नारालाई आत्मसात् गर्दै नगरस्तरीय सडकहरुमा क्रमशः सडक हरियाली एवं फूटपाथ निर्माण गरिदै लगिनेछ। रेखाङ्कन भईसकेका वा सञ्चालनमा रहेका सडक बाहेक थप नयाँ सडकका ट्याकहरु खोल्न निरुत्साहित गरिनेछ।
- **"हाम्रो सडक हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिबद्धता"** अनुरुप नगर यातायात गुरु योजनाले तोकेको मापदण्ड र प्राथमिकताको आधारमा सडक पूर्वाधारलाई दीगो विकासको लक्ष्य अनुरुप विकास र वातावरणलाई तादाम्यता कायम गरी पूर्वाधार विकासको कामलाई अगाडि बढाईनेछ।
- नगरका योजनाहरु सम्पन्न गर्नका निम्ति संघ, प्रदेश, निजी क्षेत्र, सहकारी, सामुदायिक वन, गैरसरकारी संघ/संस्था र नगरपालिका बीच लागत साझेदारीको नीति अबलम्वन गरी सञ्चालन गरिनेछ।
- सार्वजनिक सम्पत्तिको नियमित मर्मत सम्भार का लागि पूर्वाधार तर्फका योजनाहरु सञ्चालन गर्दा कुल विनियोजित रकमको १ प्रतिशत रकम लागत स्टिमेट तयार गर्दा नै मर्मत सम्भार कोषको लागि छुट्याई लगत ईष्टिमेट तयार गर्ने र भुक्तानी गर्दा उक्त रकम कट्टा गरी **"मर्मत सम्भार कोष"** मा जम्मा गर्ने व्यवस्था मिलाईनेछ।
- नगरपालिकाभित्र सार्वजनिक पूर्वाधार निर्माण गर्दा महिला मैत्री, बाल मैत्री, अपाङग् मैत्री तथा वातावरण मैत्री, भूकम्प प्रतिरोधात्मक र अग्नि सुरक्षात्मक संरचना निर्माण गर्ने विषयलाई प्राथमिकतामा राखी निरन्तरता दिइनेछ ।
- पूर्वाधारतर्फ सानातिना टुक्रे योजना भन्दा पुँजी निर्माण हुने खालका योजना निर्माणमा प्रोत्साहन गरिने, लागत ईष्टिमेटको आधारमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ । उपभोक्ता समितिबाट सम्पन्न योजनाहरुलाई जनताको अपनत्व महसुस हुनेगरी समुदायमा नै हस्तान्तरण गर्ने व्यवस्था मिलाईनेछ।

- सार्वजनिक,पर्ति, नदी उकास जस्ता जग्गा अतिक्रमण हुन नदिन एवं अतिक्रमित जग्गा संरक्षण गर्न आवश्यक पहल गरिनेछ।
- संघीय समपूरक, प्रदेश समपूरक, सडक बोर्ड नेपाल, तराई मधेश समृद्धि कार्यक्रम लगायतका लागत साझेदारीमा सञ्चालन गरिने योजनाको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।
- पूर्वाधार निर्माणलाई दीगो र भरपर्दो बनाउन नगरभित्र प्राविधिक ल्याव स्थापना गर्ने व्यवस्था मिलाइनेछ।
- उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न टोल विकास संस्था र उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिने र उपभोक्ताको तर्फबाट व्यहोर्नु पर्ने १० प्रतिशतको लागत सहभागितालाई निरन्तरता दिईनेछ।
- आ.व. २०८१/०८२ मा स्वीकृत **ब्राण्ड बाणगङ्गा बिलिभ बाणगङ्गा** कार्यात्मक रणनीतिलाई निरन्तरता दिदै नगरका गौरवका आयोजना क्रमशः पुरा गरी बाणगङ्गालाई ब्राण्डको रुपमा अगाडी बढाउने नीतिलाई निरनतरता दिईनेछ।

### ३) जलश्रोत, उर्जा तथा स्वच्छ उर्जा

- उन्नत एवं सुधारिएको चुल्होको प्रयोगमा बढावा दिदैं नवीकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहन गरिदै लगिनेछ।
- प्राकृतिक स्रोत अन्तर्गत जलस्रोतको उपयोग तथा संरक्षण गर्न सामुदायिक वनसँगको समन्वय एवं लागत साझेदारीमा जलाशययुक्त पोखरी निर्माण, नगरभित्र रहेका सार्वजनिक एवं निजी पोखरीहरुको संरक्षण एवं सम्बर्द्धनमा जोड दिईनेछ।
- भरपर्दो सिंचाई प्रणालीको दिगो व्यवस्थापनको लागि अन्तरनिकाय समन्वयमा लगानी अभिवृद्धि गर्दै लगिनेछ।
- **"प्लाष्टिक झोला मुक्त नगर"** बनाउन बैकल्पिक झोला उत्पादनमा जोड दिइनेछ।
- उज्यालो नगर कार्यक्रम अन्तर्गत सडक बत्ती राख्ने र जडित सडक बत्तीको मर्मत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

### ४) सूचना तथा सञ्चार प्रविधि

- नगरपालिकाले सूचना प्रविधिमार्फत सेवा प्रवाहमा पारदर्शिता, शीघ्रता र उत्तरदायित्व वृद्धि गर्ने नीति अबलम्बन गरिनेछ।

- सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगबाट पर्यटन क्षेत्रको समग्र विकासमा लगानी गर्न आवश्यक उपायहरु अबलम्बन गरिनेछ।
- नगरका मूख्य स्थानहरुमा स्थान जानकारी पाटी Location Information Board तथा GIS Map सहितको बोर्डको व्यवस्था गरिनेछ ।
- जनचेतना अभियान, सार्वजनिक निर्देशन तथा पर्यटन प्रवर्द्धन जस्ता कार्यका लागि नगरका मुख्य मुख्य चोकहरूमा डिजिटल डिस्प्ले बोर्डको व्यवस्था मिलाइनेछ।
- निजी क्षेत्रसंगको सहकार्यमा प्रमुख पर्यटकीय गन्तव्यहरुमा सूचना तथा सञ्चार प्रविधिको उपलब्धता सुनिश्चित गरिनेछ।
- सूचना प्रविधिबाट हुन सक्ने विभिन्न साईबर अपराध बारे सचेतनाका लागि साइबर सुरक्षा शिक्षा प्रदान गरी समग्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगकर्तालाई सक्षम बनाउन विशेष कार्यक्रम तर्जुमा गरिनेछ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सूचना प्रविधिमैत्री बनाई सेवा प्रवाहलाई छिटो छरितो बनाउन कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरभित्र सि.सि.टि.भी. क्यामेराहरुको क्षेत्र थप विस्तार गरी नागरिकको जिउधनको सुरक्षाको प्रत्याभूति गराउन सुरक्षाकर्मीहरुसँगको समन्वयमा व्यवस्थापन गरिनेछ।
- जनतालाई प्रत्यक्ष पालिकाको अनुभूति हुने गरी एकीकृत पोर्टल सञ्चालनमा ल्याईनेछ। एकीकृत पोर्टलमा पालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरु एकीकृत रुपमा दिइनेछ।
- शैक्षिक गुणस्तर अझ प्रभावकारी र प्रविधि मैत्री बनाउन बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउनका लागि E-Library, Education Portal को विकासका लागि आवश्यक प्रबन्ध गरिनेछ । विद्यालयको शैक्षिक अवस्था र विद्यार्थीहरुको शैक्षिक क्रियाकलापलाई व्यवस्थित गर्न नगरपालिका र विद्यालय बीच समन्वय गर्ने प्रणाली विकास गरी शैक्षिक गुणस्तरलाई नियमन र सुधार गर्न थप प्रबन्ध मिलाईनेछ।
- नगरपालिकाभित्र सञ्चालित सञ्चार गृहहरू टेलिभिजन, एफ.एम. रेडियो, पत्रपत्रिका र अनलाइन पत्रिकाहरूको संरक्षण तथा सम्वर्द्धनका लागि आवश्यक नीति अवलम्बन गरिनेछ।
- नगरपालिकाभित्र क्रियाशील पत्रकार वर्गको सेवा विस्तार, गुणस्तरीयता कायम र सेवा निरन्तरताका लागि आवश्यक प्रविधि सहयोग तथा समयसापेक्ष सीप विकास तालिमको व्यवस्था गरिनेछ।

- नगरपालिकाको समग्र गतिविधि नागरिकसमक्ष सूचनाको रूपमा सम्प्रेषण गर्न नगर प्रमुख ,पत्रकार पाक्षिक अन्तरक्रिया सञ्चालन गरिनेछ।

**ख) <u>सुशासन तथा संस्थागत विकासः</u>**

- ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना तर्जुमा, करहरुको दर निर्धारण, सार्वजनिक सुनुवाई, वार्षिक तथा अर्धवार्षिक समीक्षा जस्ता कार्यक्रमहरुमा नागरिक सहभागितालाई वृद्धि गर्दै लगिनेछ ।
- जनताका दैनिक कार्यसम्पादनमा देखिने अन्यौल्ता हटाउन र सिफारिस सम्बन्धी सेवाहरुलाई प्रभावकारी बनाउन अन्तरनिकाय समन्वयलाई जोड दिँदै सिफारिसको कार्यान्वयन गर्ने निकासहरुसँग सेवा सरलीकरणको लागि सहकार्य गर्दै लगिनेछ ।
- सेवालाई प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दै लगिने र सो को लागि नगरको क्षमता विकास योजनालाई अद्यावधिक गर्दै लगिनेछ ।
- सुशासनको महत्त्वपूर्ण अङ्गहरु जवाफदेहिता तथा विधिको शासन कायम, सेवा प्रवाहमा पारदशिता, नागरिकको सूचनामा पहुँच, सूचनाको हकको कार्यान्वयन जस्ता कार्यलाई प्रभावकारी बनाउन सार्वजनिक सूचना प्रकाशन, अर्ध वार्षिक तथा वार्षिक समीक्षा, सुझाव सङ्कलन, सरोकारवालाहरुसँग अन्तर्क्रिया, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरुलाई अझ बढी प्रभावकारी बनाउँदै लगिनेछ ।

**<u>जनशक्ति व्यवस्थापन, सङ्गठन तथा क्षमता विकास</u>**

- जनसंख्या वृद्धि सँगै नगर तथा वडाको कार्यचाप बढ्दै गईरहेकोले सेवा प्रवाहमा सरलीकृत गर्न स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन अनुसार मानव संसाधन व्यवस्थापन गर्दै लगिनेछ ।
- नगरपालिकामा रहेका मेशिनेरी औजार तथा सञ्चार उपकरणलाई स्तरीकरण गरी आवश्यकताको आधारमा थप यान्त्रिकरण गरिने नीति अवलम्बन गरिनेछ ।
- जनशक्ति विकासका लागि जनशक्ति विकास योजनालाई अद्यावधिक गर्दै लगिनेछ । सबै क्षेत्रका सेवा प्रवाहलाई सञ्जालीकरण गर्दै सूचना प्रविधिमा आबद्ध गरिनेछ ।
- नगर प्रहरीहरुलाई समयानुकुल व्यवस्थापन गर्न उनीहरुको क्षमता अभिवृद्धि तथा तालिमको व्यवस्थापन गर्दै ब्यारेक प्रणालीमा व्यवस्थापन गर्दै लगिनेछ ।

- नगरपालिका भित्रको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधारजन्य स्थितिको यथार्थ अवस्था झल्किने गरी खण्डीकृत तथ्याङ्क, सम्पूर्ण चल अचल सम्पत्ति लगायतका विवरणहरुलाई संघीय एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणालीमा आबद्ध गरिनेछ।

**१) नीति, कानून, न्याय तथा सुशासनः**

- कानून निर्माणको कार्यलाई दीर्घकालिन र प्रकृयालाई प्रभावकारी बनाउन सम्बन्धित क्षेत्रका विज्ञहरु परिचालन गरिनेछ।
- बाणगङ्गा नगरपालिकाको न्यायिक समितिमा नगरबासीको पहुँच स्थापित गर्दै स्थानीय विवादहरूलाई मेलमिलापकर्ता एवं मध्यस्थकर्ता मार्फत समाधान गर्न प्रत्येक वडामा गठन भएका मेलमिलाप केन्द्रलाई थप व्यवस्थापन गरी मेलमिलापकर्ताहरुको क्षमता विकासको लागि विशेष अनुशिक्षण तथा तालिम दिई न्याय सम्पादनलाई छिटो छरितो बनाईनेछ।
- न्यायिक समितिमा पर्न आएका उजुरीहरु नियमिति फछौंट हुने गरी न्यायिक समितिको कामलाई प्रभावकारी बनाउन न्याय सम्पादनलाई प्रविधि मैत्री बनाउदै लगिनेछ।
- वित्तीय अनुशासन र सार्वजनिक जवाफदेहीता कायम गर्न र सार्वजनिक वित्त व्यवस्थापनलाई थप प्रभावकारी बनाउनका लागि यस सम्बन्धी विभिन्न कानून, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमा गरी कार्यन्वयन गरिनेछ, यस कार्यका लागि दाताहरुसँग आवश्यक समन्वय गरी प्राविधिक सहायता लिइनेछ।

**२) योजना अनुगमन तथा विकास व्यवस्थापन**

- नगरपालिकाको पञ्चवर्षीय योजनाको मध्यावधि मूल्याङ्कन गरी वार्षिक बजेट मध्यमकालीन खर्च संरचना (MTEF) मा आबद्ध गरी कार्यान्यवनमा ल्याईनेछ।
- नगरपालिकाभित्रका महत्त्वपूर्ण योजनाहरुको प्रोजेक्ट बैंक निर्माण गरी क्रमशः कार्यान्वयन गरिनेछ।
- नगरपालिकाको स्वीकृत नीति, कार्यक्रम तथा बजेट एकद्वार प्रणाली अन्तर्गत योजना अनुगमन तथा प्रशासन शाखाबाट कार्यान्वयन गरिनेछ।
- नगरपालिकाभित्र रहेका विभिन्न संघ संस्था, समिति, समूह, क्लब लगायत सम्पूर्ण सङ्गठित संस्थाहरुको विवरण सहितको प्रोफाइल निर्माण गरी क्षमताका आधारमा नगरको समग्र विकासमा परिचालन गरिनेछ।

- समग्र बजेट तथा योजनालाई खरिद योजना, कार्यान्वयन योजना, खरिद गुरुयोजना तथा मध्यमकालीन खर्च संरचनामा आबद्ध गरी दिगो विकासका लक्ष्य, लैंङ्गिक बजेटका सूचकहरु कार्यान्वयन हुने गरी स्थानीयकरण गरिनेछ।
- योजना अनुगमन तथा विकास व्यवस्थापनलाई थप प्रभावकारी बनाउन बाह्य अनुगमन प्रणालीलाई संस्थागत गरिनेछ।
- विभिन्न संघसंस्था, निकाय, वन समूह, सहकारी तथा अन्य सरोकारवालाहरुबाट भौतिक पूर्वाधारजन्य कार्य गर्दा नगरपालिकासँग लागत साझेदारी तथा पूर्व स्वीकृतमा कार्यक्रम कार्यान्वयन गर्न संस्थागत व्यवस्था गर्ने नीति अबलम्बन गरिनेछ।

## ग) आर्थिक विकास

### १) कृषि विकास

- कृषिमा उत्पादकत्व वृद्धि गर्न कृषि कार्यमा सुधार, बजारीकरण, यान्त्रिकीकरण, एकीकृत वैज्ञानिक कृषि प्रणाली लागु गर्दै करार, सहकारी तथा सामुहिक खेतीलाई प्रोत्साहन गरिनेछ।
- कृषियोग्य जमिनमा सिँचाईको पहुँच पुऱ्याउन कृषकहरुसँगको लागत साझेदारीमा साना सिँचाई, स्यालो ट्युवेल, सतह सिंचाई, पोखरी तथा ताल तलैया मर्मत तथा विस्तार गरी सिंचित क्षेत्रफलको विस्तार गरिनेछ।
- धान, गहुँ, मकै, दलहन र तेलहन जस्ता अन्नबाली एवम् विभिन्न नगदे बालीहरुको उन्नत बीउ एवम् कृषि यन्त्र वितरण लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।
- कृषकहरुलाई सहज, सुलभ तथा प्रभावकारीरुपमा प्राविधिक सेवाको पहुँच पुऱ्याउन डिजिटल कृषि प्रविधिको प्रयोगलाई निरन्तरता दिईनेछ।
- कृषि सामाग्रीमा अनुदान तथा सहयोग गर्ने, कृषि उत्पादनको बजारीकरण गर्न आम्दानीको बचत गर्नेसम्मका कार्यको सुनिश्चितता हुने गरी सहकारी संस्थाहरुको सबलीकरणमा जोड दिईनेछ।
- कृषिजन्य उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागि **"एक वडा एक उत्पादन"** को अवधारणालाई प्रोत्साहन गर्दै लगिनेछ।
- कृषक समूह/सहकारी तथा निजी क्षेत्रको साझेदारीमा प्राङ्गारिक मल उद्योग स्थापना गरिने छ।
- उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषकहरुलाई आफ्नो पेसा प्रति व्यवसायिकताको विकास गर्न मापदण्डको आधारमा **"उत्कृष्ट कृषक सम्मान"** कार्यक्रमको लागि

आवश्यक बजेटको व्यवस्था गरिनेछ । साथै किसान सूचीकरणको कार्यलाई समेत निरन्तरता दिईनेछ ।

- प्रदेश तथा संघीय सरकारको समन्वय र सहकार्यमा निर्माणाधीन कृषि उपज सङ्कलन केन्द्रको निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ ।
- नगरपालिकाभित्र कृषक, समूह र सहकारीद्वारा उत्पादित बीउलाई नगरपालिकाले नै खरिद गरी कृषकहरुलाई नै वितरण गरिने कुरालाई प्राथमिकता दिईनेछ ।
- कृषि क्षेत्रको विकासको लागि माटो अनुकुल बनाउन माटो परीक्षणको आवश्यक व्यवस्था मिलाइनेछ । साथै माटो सुधारको लागि कम्पोष्ट मल, हरियो मल, गोठेमल एवं गड्यौंले मल प्रयोगको लागि प्रोत्साहन गरिनेछ ।
- कृषकहरुलाई व्यवसायिक कृषि सम्बन्धी आधारभूत तथा विशेष तालिमको प्रबन्ध गरिनेछ ।
- रैथाने प्रजातिका बाली संरक्षणको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने साथै बीउ बैङ्कको अवधारणा अगाडि बढाईनेछ ।
- स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नको निमित्त सहकारी संस्थाहरुसँग साझेदारी गरी "**कोशेली घर**" सञ्चालनको लागि आवश्यक कार्यक्रम सञ्चानल गरिनेछ ।
- बीउ प्रतिस्थापन दर बढाउनका लागि धान, मकै तथा गहुँ एवं तरकारीजन्य बीउ उत्पादनका कार्यक्रम सञ्चालन गरी नगरलाई कृषि उपजमा आत्मनिर्भर कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि सम्बन्धी ज्ञान तथा सीप हासिल गरेका नगरमै कृषि पेशामा संलग्न हुन चाहने युवा तथा व्यवसायिक कृषकहरुको लागि मागमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम सञ्चालन गरी आय आर्जनमा जोड दिईनेछ ।
- बढ्दो विषादी प्रयोगबाट मानव तथा पर्यावरणमा परेको नकारात्मक असर न्यूनीकरण गर्न विषादी सचेतनाका कार्यक्रम /कृषक पाठशाला सञ्चालन गरी अर्गानिक उत्पादनतर्फ जोड दिईनेछ ।
- कृषि, पशुपंछी तथा जडीबुटी बीमा सम्बन्धि कार्यक्रमलाई कृषक समक्ष पुऱ्याउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- खाद्य पोषण सुरक्षाको लागि "**घरघरमा करेसावारी, भान्सामा ताजा तरकारी**" को अवधारणालाई प्रोत्साहन गर्दै तरकारीको सिडकिट बितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

- कृषकहरुलाई कृषि पेशाका आकर्षित गरी व्यवसायिक खेती बिस्तारको लागि प्रमुख बालीवस्तुमा प्रतिफलमा आधारित प्रोत्साहन अनुदान  कार्यक्रम सञ्चालन गरिनेछ।
- माहुरी पाल्न इच्छुक कृषकहरुलाई तालिम एवं अनुदानमा माहुरीका गोला घार वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ । सम्भावना भएका क्षेत्रमा उत्पादन वृद्धि गर्न मौरी, तरकारी, च्याउ जस्ता उत्पादनमा क्लष्टर छुट्टाइ कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरभित्रका साप्ताहिक हाटबजारलाई व्यवस्थित गर्दै कृषकहरुका आफ्ना उत्पादनलाई सोझै बजार पहुँचका लागि "**बिक्री कक्ष**" स्थापनाका लागि पहल गरिनेछ।
- कृषकलाई प्रतिस्पर्धी तथा व्यवसायिक गराउन कृषि मेला, कृषक भ्रमण, प्रदर्शन, तालिम तथा गोष्ठी कार्यक्रमहरु सञ्चालन गर्ने।
- खाद्य अधिकार तथा खाद्य प्रणाली सम्बन्धी आवश्यक ऐन, नियम र कार्यविधि निर्माण तथा कार्यान्वयन गरी नगरबासीको खाद्य अधिकार तथा पहुँचलाई सुनिश्चित गर्दै लगिनेछ ।

**२) पशुपन्छी विकास**

- गाई/भैसीहरुको नश्ल सुधार गर्न कृत्रिम गर्भाधान सेवाको कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- पशुपन्छी बिमामा थप अनुदानको व्यवस्था गरिनेछ।
- पशुहरुको पोषणको लागी मौसम अनुसार उन्नत घाँसखेतीको बिस्तार गरिनेछ।
- पशुपन्छीहरुको उपचार, प्रयोगशाला तथा स्थलगत परजीबि नियन्त्रण कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- पशु वस्तुहरुमा भ्यागुते/चरचरे / खोरेत / रेबिज तथा पि.पि.आर.रोग बिरुद्धको खोप निःशुल्क उपलब्ध गराउने।
- पशुहरुमा लाग्ने महामारी तथा जुनोटिक रोगहरुको नियमित अनुगमन/सर्भेलेन्स गरी रोग नियन्त्रण गरिनेछ।
- व्यवसायिक तथा साना पशुपालक कृषकहरुलाई पशुजन्य पदार्थहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गराउन दुधमा अनुदान, गोठ/खोर सुधार, यान्त्रिकीकरण खरिदमा ५० प्रतिशत अनुदानको कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पशुपन्छी बिमाको प्रिमियममा ५० प्रतिशत अनुदानको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- सहकार्यमा डेरी पसल, मासु पसल,दुग्ध सङ्कलन केन्द्र तथा दुग्ध सहकारी संस्थाहरुको सुधारमा सहयोग गरिनेछ ।
- पशुजन्य पदार्थ (दुध/मासु/अण्डा) मा नगरलाई आत्मनिर्भर गराउन पशुपालन क्षेत्रको व्यवसायीकरणमा जोड दिइनेछ ।
- यस नगरमा सञ्चालित तराई परियोजना संस्था सँग सहकार्य गरी साना किसानहरुको पशुपन्छी विकासको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पशुपन्छी तथा मत्स्य तथ्याङ्कलाई अद्यावधिक गरिनेछ ।
- पशुपालक कृषकहरुको क्षमता विकासलाई निरन्तरता दिइनेछ ।
- निजी क्षेत्रमा कार्यरत पशु स्वास्थ्य कर्मी, पशु सेवासँग सम्बद्ध उद्योग व्यवसाय (फर्म, पसल, क्लिनिक, दाना) आदिको नियमन गरिनेछ ।
- सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनबाट उक्त कार्यक्रमको असर र प्रभावको मूल्याङ्कनमा जोड दिई आवश्यक सुधारको व्यवस्था मिलाइने छ ।

**३) सिँचाई**

- उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बाँझो जग्गा नराख्ने नीति अबलम्बन गर्दै भूमिगत सिंचाई प्रणालीलाई प्राथिमिकता दिईनेछ ।
- पानीको मुहान सिंचित जमिनको अवस्थालाई हेरी लिफ्ट सिंचाई, डिप-बोरिङ्ग, स्यलो-ट्यूबवेल प्रणालीबाट कृषि योग्य जमिन सिंचाईलाई प्राथमिकता दिइनेछ ।
- परापूर्वकाल देखि चलि आएका कुला तथा नहरहरु संरक्षण र पूर्न निर्माणमा जोड दिइनेछ ।
- लागत साझेदारीमा सिंचाइ संरचना निर्माण तथा मर्मत सम्भारको कार्यलाई निरन्तरता दिइनेछ ।

**४) उद्योग, व्यापार तथा व्यवसाय**

- समग्र नगरपालिकाको उद्योग व्यापार तथा व्यवसायको तथ्याङ्क अद्यावधिक गरी औद्योगिक प्रोफाईल निर्माण गरी लागत सहभागित वृद्धि गरिनेछ ।
- साना तथा घरेलु उद्योग सञ्चालन र संरक्षणमा विशेष नीति अबलम्बन गरिनेछ ।
- साना व्यवसायहरुलाई संरक्षण गर्न व्यवसाय सञ्चालनको वातावरण सुनिश्चत गर्दै दिगो व्यवसाय सञ्चालनमा निजी क्षेत्रसँग सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

- संघ र प्रदेश सरकारको समन्वयमा औद्योगिक कोरिडोरको परिकल्पना गरी ठूला उद्योग तथा व्यवसायलाई नगरपालिका क्षेत्रमा व्यवसाय सञ्चालन गर्न उचित वातावरण सिर्जना गरिनेछ।
- लक्षित कार्यक्रम अन्तर्गत सञ्चालन गरिने विभिन्न किसिमका तालिमहरु मध्ये अभिमुखिकरण, PRA, उद्यमशीलता तथा नयाँ उद्यमी सिर्जना तर्फ नयाँ उद्यमीलाई प्राविधिक सिप विकास तालिम, पुरानो उद्यमीलाई एडभान्स स्तर उन्नती तालिम, तालिम लिएकालाई प्रविधि ( मेसिन ) लघुवित्तमा पहुँच तथा बजारीकरण सम्बन्धमा उत्पादकत्व वृद्धि गरी उद्यमीहरुको स्तरमा उपलब्धिमूलक गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेडपा) द्धारा गरिनेछ।
- निर्माण सेवा, उत्पादन सेवाका कार्य गर्दा स्थानीय उत्पादन प्रयोग गर्न जोड दिइनेछ।
- साना उद्योग,काष्ट कला,मुर्तिकला र रैथाने सीपको सीप विकास गरी उत्पादकत्व वृद्धि र बजारीकरणमा जोड दिईनेछ।

**५) पर्यटन तथा संस्कृति**

- नगरपालिकाको समग्र पर्यटन विकासलाई मध्यनजर गरी निर्माण भएको पर्यटन विकास गुरुयोजना बमोजिम बाणगङ्गा सर्किट घोषणा गरिनेछ।
- पर्यटन क्षेत्रको समग्र विकासमा कृषि पर्यटन र धार्मिक पर्यटन तथा पर्यापर्यटनलाई प्राथमिकता दिई आन्तरिक रोजगारी श्रृजना गरिनेछ।
- नगरपालिकाभित्र परापूर्वकाल देखि चलिआएका सांस्कृतिक धार्मिक परम्परालाई दस्ताबेजीकरण गर्दै नगरपालिकाको सांस्कृतिक प्रोफाइल निर्माण गरिनेछ र नगरपालिकाभित्र प्रविधि सम्पन्न सांस्कृतिक सङ्ग्रहालय निर्माण गरिनेछ।
- आन्तरिक तथा बाह्य पर्यटन वृद्धि समग्र पर्यटन क्षेत्रको विकास र बजारीकरणको लागि नगरपालिकामा पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ।

**६) भूमि, व्यवस्था**

- स्थानीय स्तरमा भूमि वर्गीकरणको आधारमा भू-उपयोग योजना तयार भई सकेको हुदा नक्सा तथा पुर्जाको अद्यावधिक गरी डिजिटल पुर्जाहरु बितरण गरिनेछ।
- अनियन्त्रित बसाइ सराई, कृषि योग्य भूमि संरक्षण र सहरी विस्तारलाई व्यवस्थित गरिनेछ।

- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई जग्गाको नाप नक्साङ्कन गरी जग्गाधनि प्रमाण पुर्जा बितरण गरिनेछ । (Landless Squatters Resettlement Program)।
- अति जोखिम, जोखिम युक्त क्षेत्रहरु छुट्टाई सो क्षेत्रहरुको व्यवस्थापन गर्न योजना बनाईनेछ।
- जग्गाको लिखत पास गर्दा हुने झन्झट कम गर्न भू-सेवा केन्द्रको सेवा सञ्चालन गरिनेछ ।
- डिजिटल भूमि व्यवस्थापन अन्तर्गत भूमि र जग्गाको डिजिटल म्यापिङ (GIS प्रविधि प्रयोग) गरिनेछ ।
- सार्वजनिक जग्गाको अतिक्रमण रोक्न सो जग्गाहरुको नक्साङकन गरि संरक्षण गरिनेछ ।

**७) सहकारी तथा वित्तीय सेवा**

- सहकारी संघ/संस्थाहरुको लागत सहभागीतामा सीप विकास तथा उद्यमशिलता उन्मुख स्वरोजगारीका लागि व्यवसायिक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
- सहकारीसँगको साझेदारीमा स्थानीय उत्पादनको सहकारी बजार तथा कोशेली घर मार्फत बजारीकरणमा जोड दिईनेछ।
- बाणगङ्गा नगरक्षेत्र भित्रका सहकारीको नियमन, प्रवर्द्धन र विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- बाणगङ्गा नगरक्षेत्रभित्र रहेका सहकारीहरुलाई समुदायमा वित्तीय पहुच, सशक्तिकरण, नेतृत्व विकास, क्षमता विकास, सामाजिक एकीकरण, उद्यमशिलता प्रवर्द्धन र गरिबी न्यूनीकरण गर्दै लैजान सहयोग समन्वय र सहकार्यमा जोड दिईनेछ।

**८) श्रम, रोजगार तथा गरिबी निवारण**

- एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन रोजगार सेवा केन्द्र मार्फत सञ्चालन हुने कार्यक्रम तथा रोजगारी सिर्जनाको लागि आवश्यक बजेट साझेदारी गरिनेछ । साथै, संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गदै रोजगारीका क्षेत्र विस्तार गरिनेछ।
- बेरोजगार व्यक्तिहरुको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ । दर्ता

भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक श्रममूलक योजना कार्यान्वयन गरी समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ।

- स्थानीयस्तरमा रोजगारीको प्रवर्द्धन गर्न र बेरोजगारीलाई न्यूनीकरण गर्न श्रमिक धेरै लाग्ने नगरपालिका स्तरीय उप-आयोजनाहरूमा कम्तीमा ५० प्रतिशत श्रमिक रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।
- रोजगार रणनीतिलाई अद्यावधिक गरि नगरपालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान तथा व्यवस्थापन गरी वैदेशिक रोजगारीवाट फर्किएका रिटर्नी युवाहरूलाई उनीहरुको सीप, पूँजी, अनुभव र क्षमतालाई स्थानीय स्तरमैं प्रयोग गर्न आवश्यक कियाकलाप सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत, पुनः श्रम स्वीकृति, वैदेशिक रोजगार सम्बन्धी कार्य (खोज तथा उद्धार, मृतकको शव झिकाउने, निःशुल्क शव ढुबानी, क्षतिपूर्ति, पारिवारिक स्वास्थ्य उपचार र विरामी अङ्गभङ्गलाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ।
- आन्तरिक रोजगारी सिर्जना गर्न युवा पुस्ताको नवीन सोच र प्रविधिप्रतिको आकर्षणलाई मध्यनजर गदै तालिम केन्द्रहरू तथा विज्ञहरूसँगको समन्वयमा व्यवसायिक तालिम सञ्चालन गरी बेरोजगार व्यक्तिलाई दक्ष जनशक्तिको रूपमा विकास गरी स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ। साथै, सरोकारवाला निकाय र निजी क्षेत्रसँग सहकार्य र समन्वयमा जोड़ दिएर युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्य गर्न प्रोत्साहित गरिनेछ।
- श्रमको सम्मान राष्ट्रको अभियानलाई अवलम्बन गर्ने बाणगङ्गा नगरपालिकाद्वारा सञ्चालन हुने औपचारिक क्षेत्रका उप-आयोजनाहरूमा **"समान काम, समान ज्याला"** को सुनिश्चितको व्यवस्था मिलाइनेछ। साथै, नगरपालिकाबाट सञ्चालन हुने जुनसुकै आयोजनाहरूमा श्रमिकहरूको कार्यस्थलको स्वास्थ्य सुरक्षा, बिमा, छुट्टी तथा समुचित पारिश्रमिकको सुनिधित गर्नका लागि कानूनी व्यवस्था गरी उचित कामकाजी अवस्था सुनिश्चित गरिनेछ।
- प्राविधिक विद्यालयमा स्थानीय बजारमा चलिरहेका रोजगारका अवसरसँग मेल खाने सीप सिकाउने व्यवस्था गर्नुका साथैं पढ्दै र कमाउँदै" कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ। साथै, स्थानीय बजारको आवश्यकता र प्रवृत्तिहरूसँग मेल खाने प्रविधिको उपयोग गरेर कार्यस्थलको उत्पादनशीलता बढाउन प्रेरित गरिनेछ।

घ) **वातावरण तथा विपद व्यवस्थापन**

### १) वन, भू-संरक्षण तथा जैविक विविधता

- दिगो वन व्यवस्थापनमा आधारित वन सम्वर्द्धन एवं वन पैदावार उत्पादन वृद्धि गरी आन्तरिक आपूर्ति, रोजगारी सृजना र उद्यमशिलता विकासमा जोड दिइनेछ।
- वनस्पति उद्यान व्यवस्थापन र जडिबुटी स्रोतको संरक्षण, विकास र उपयोग गरिनेछ। सामुदायिक वनमा रहेको पुँजीलाई स्थानीय विकासको अभियानमा लगानी गर्न प्रोत्साहन गरिनेछ।
- नदिजन्य स्रोतको उत्खनन, प्रशोधन तथा व्यापार जस्ता क्रियाकलाप सञ्चालनमा अन्तरनिकाय समन्वयात्क शैलीको महत्तम उपयोग गरिनेछ । पूर्वाधार निर्माणमा सामाग्री अभाव हुन नदिने गरी नदीजन्य स्रोत परिचालन गरिनेछ।
- कृषकहरुको सुविधालाई प्राथमिकतामा राखी सिंचाइ प्रणालीको पुनरस्थपना गरिनेछ। जलस्रोतको दिगो उपयोग, भूमिगत जल पुनर्भरण, ताल तलैया संरक्षण र जलाशय निर्माण एवं सरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।
- जलवायु परिवर्तन सम्बन्धी सम्भावित विपद् मूल्याङ्कन, वर्गीकरण तथा प्राथमिकीकरण, विपद् जोखिम मूल्याङ्कन, पूर्वतयारी तथा प्राथमिकीकरण र न्यूनीकरण अध्ययन, जलवायु अनुकूलन योजना निर्माण तथा लागु, कार्बन उत्सर्जन तथा सञ्चिति अध्ययन गरिनेछ।
- सामुदायिक,निजी, धार्मिक तथा साझेदारी वनलाई दीर्घकालिन रुपमा आयआर्जन हुनसक्ने वन पैदावार व्यवस्थापन, वृक्षरोपण, नर्सरी स्थापना एवं वन सम्पदामा आधारित उद्यम गर्न एक वन एक उद्यम तथा एक वन एक उद्यान कार्यक्रम गर्न प्रेरित गर्दै लगिनेछ । पर्यापर्यटन (eco-tourism) को अवधारणालाई सार्थक तुल्याउन सामुदायिक वनमा कार्ययोजना बमोजिम उद्यान, रिसोर्ट र पिकनिक स्थलको स्थापना गरी सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

### २) विपद् जोखिम व्यवस्थापन

- प्राकृतिक तथा मानवीय विपदबाट हुने प्रत्यक्ष आर्थिक तथा सामाजिक क्षति कम गर्न जोखिम न्यूनीकरणका कार्यलाई उच्च प्राथमिकता दिइने तथा विपद व्यवस्थापन कोषको प्रभावकारी परिचालन गरिनेछ।
- विपद् प्रतिकार्यमा परिचालन हुने संयन्त्र तथा उपकरणको प्राविधिक क्षमता सुदृढ गर्दै एकीकृत आपतकालीन उद्धार एवं प्रतिकार्य प्रणाली अवलम्बन गर्न नगर र वडास्तरिय

विपद् उद्धार तथा प्रतिकार्य ईकाइ स्थापना गर्ने र विपद् व्यवस्थापनमा नागरिकको क्षमता र सहभागिता वृद्धि गरिनेछ।

- जोखिम संबेदनशील नदी वहाब क्षेत्रमा तटवन्ध निर्माण, बाढी डुबान क्षेत्रमा पानी निकास, जोखिम र बहुप्रकोप व्यवस्थापनमा समुदाय सशक्तिकरण तथा विपद् विरुद्ध विपन्न लक्षित कार्यक्रम अगाडि बढाइनेछ।

**३) वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन**

- नगरका सार्वजनिक स्थल, प्राकृतिक सम्पदा, सार्वजनिक जग्गा, ताल, पोखरी, गौचरन, नदी उकास लगायतका सार्वजनिक महत्वका क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गर्दै लगिनेछ।
- समुदाय स्तरवाटै फोहर वर्गीकरण गर्दै आधुनिक मेशिन सहितको फोहर प्रशोधन केन्द्र स्थापनाको लागि दीर्घकालीन नीति अबलम्वन गरिनेछ। पूर्ण सरसफाइयुक्त नगरको लागि **"स्वच्छ बाणगङ्गा; हराभारा नगर"** अभियान सञ्चालन गरिनेछ।
- बाणगङ्गा नगरपालिकामा रहेका उद्योगहरुलाई वातावरणीय मापदण्डको दायरामा ल्याइनेछ। वातावरणीय प्रदुषण मापन गर्ने उपकरणहरुको व्यवस्था तथा अध्ययन गरिनेछ।
- छाडा चौपाया बहुसरोकारको विषय भएकोले छाडा चौपायाको नियन्त्रण र व्यवस्थापनका लागि विभिन्न सरोकारवाला संयन्त्रहरुसँग आवश्यक समन्वय र सहकार्य गर्दै एनिमल रेश्कु एण्ड रिशर्च सेन्टर स्थापना तथा सोबाट उत्पादन र रोजगारी सृजना गर्दै दिगो व्यवस्थापन गरिनेछ।
- समग्र कृषि प्रणाली, विकास गतिविधि,जीवन पद्धति एवं संस्कृतिलाई जलवायु परिवर्तन अनुकुलित बनाइनेछ।

**४) जलवायु परिवर्तन अनुकूलन**

- समग्र विकास निर्माण कार्यलाई जलवायू परिवर्तन अनुकूलन हुने गरी वातावरण मैत्री विकासमा जोड दिइनेछ।
- जलवायु परिवर्तनको असर र प्रभावलाई अनुकूलन गर्न जलवायु परिवर्तन अनुकूलन योजना निर्माण गरी समग्र विकासात्मक गतिविधिहरुमा आबद्ध गरिनेछ।

## ङ) श्रोत परिचालन तथा राजस्व

- वित्तीय अनुशासनलाई उच्च प्राथमिकता दिँदै वित्तीय जोखिमका क्षेत्रहरु प्रति गम्भिर भई सुधारात्मक कदमहरु चालिनेछ। आन्तरिक श्रोत एवं संघ र प्रदेश सरकारबाट प्राप्त

हुने विभिन्न प्रकारका अनुदानहरुबाट हाम्रा आर्थिक गतिविधिहरु निर्देशित हुने व्यहोरा हामी सबैलाई अवगत नै छ । करका  क्षेत्र र दर निर्धारण गर्दा करदाताको क्षमता, करका प्रकृति तथा उठ्ने रकमको आकार र कर उठाउँदा सम्बन्धित क्षेत्रको विकास तथा विस्तारमा पर्न जाने सकारात्मक वा नकारात्मक असर समेत आँकलन गरी सरोकारवालाहरुको सुझाव समेतका आधारमा बिगत आ.व.हरुमा परिचालन गरिएका करका दायराहरुलाई फराकिलो गर्दै कर तिर्ने नागरिकको दायित्व पूरा गर्न अभिप्रेरित गरिनेछ । प्राप्त अनुदान र नागरिकबाट प्राप्त करको समुचित उपयोगमा जोड दिँदै पुँजी निर्माणमा उच्च प्राथमिकता दिइनेछ ।

- सरकारी खर्चको कुशल व्यवस्थापनबाट सुशासनका आयामहरुको क्रियाशीलताद्वारा विकासका लक्ष्यहरु पुरा गरिनेछ । सो को निम्ति आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई सरकारी कोषको अधिकतम सदुपयोग गर्ने तर्फ विशेष ध्यान दिइनेछ ।
- वित्तीय कुशलताद्वारा चालु खर्चलाई वान्छित सीमाभित्र राख्ने, पुँजीगत खर्च बढाउने र पुँजी निर्माण गर्ने कुरामा विशेष ध्यान दिइने कुरा हाम्रो प्राथमिकताको विषय हो । निर्धारित खर्चको आवश्यकता पुरा गर्न राजस्व परिचालनलाई प्रभावकारी बनाइनेछ । राजस्व प्रशासनमा आधुनिक प्रविधिको अधिकतम उपयोग गरी दायरा फराकिलो पारिनेछ । करदाता मैत्री प्रणाली विकास गरी कर परिचालनलाई सरल र सहज बनाइनेछ ।
- कार्यालयको खर्च गर्ने क्षमतामा वृद्धि गरी वित्तीय कुशलताद्वारा बेरुजुलाई न्यून गर्दै सुशासन कायम गर्न सूचना प्रविधिको अधिकतम र उच्चतम प्रयोग गरिनेछ ।
- "**सम्मृद्ध नेपाल; सुखी नेपाली**" को राष्ट्रिय आकांक्षालाई पूरा गर्न दीगो विकासका लक्ष्यहरुलाई आन्तरिकीकरण र स्थानीयकरण गर्ने कुरामा विशेष ध्यान दिइनेछ ।
- नगरपालिकाको प्रथम आवधिक योजना (२०७९/०८०- २०८३/०८४) निर्माणको काम सम्पन्न भई सकेको अवस्थामा हाम्रा वार्षिक नीति, कार्यक्रम र बजेट समेत आवधिक योजनाका अभिन्न अंग हुने छन् ।
- नेपालको संविधान, संघीय सरकार र प्रदेश सरकारका आवधिक योजना, प्रचलित कानून, स्थानीय श्रोत साधन लगायतका विषयवस्तुहरु श्रोत परिचालनका प्रमुख आधारहरु रहने छन् ।

**छ) अन्तरनिकाय समन्वयः**

- संविधानले परिकल्पना गरेको सार्वजनिक, निजी र सहकारी क्षेत्रको माध्यमबाट आर्थिक गतिविधिहरुलाई चलायमान बनाइनेछ । संघ, प्रदेश र स्थानीय तहहरु बीचको आपसी सम्बन्ध, समन्वय एवं सहकार्यमा विशेष ध्यान दिइनेछ।
- विकास साझेदार संस्थाहरुसँगको सम्बन्ध सुमधुर बनाउँदै विकासका साझा उपायहरुको खोजी गरी प्रक्रिया अगाडि बढाउने कार्यलाई प्राथमिकता दिइनेछ।
- परामर्श एवं विज्ञ सेवाको माध्यमबाट राजस्वका श्रोत, आन्तरिक एवं बाह्य भगिनी सम्बन्ध, दीगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण र स्थानीयकरण लगायतका विषयहरुमा परिचालन गरिनेछ।
- सहकार्य र समन्वयको नीति अनुरुप साझा उद्देश्य र सम्भावना भएका स्थानीय तहहरुसँग भगिनी सम्बन्ध कायम गर्ने कुरालाई प्राथमिकता दिइनेछ।

उल्लेखित नीतिहरु मध्ये आर्थिक विकास, पूर्वाधार विकास तथा वन, वातावरण तथा विपद व्यवस्थापन विषयक्षेत्रगत नीति कार्यान्वयनबाट **"ब्राण्ड बाणगङ्गा"** र सामाजिक विकास, सुशासन तथा संस्थागत विकास विषयक्षेत्रगत नीति कार्यान्वयनबाट **"विलिभ बाणगङ्गा"** भन्ने नारालाई सफलीभूत पार्ने अन्तरनिकाय समन्वयमा लगानी अभिवृद्धि गरी अभियानमूखी कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट समग्र विकासका आयामहरु राजनीतिक विकास, आर्थिक विकास, सामाजिक विकास, प्रशासनिक विकास, नागरिक स्वतन्त्रता, सांस्कृतिक विकास, सामाजिक सदभावलाई आत्मसात् गरी सकारात्मक परिवर्तन, नवप्रवर्तन उद्देश्यमा आधारित निरन्तर विकास, साधन स्रोत लक्ष्य र परिणाम बीचको अन्तर सम्बन्ध, बदलिदो परिस्थिति अनुरुप जनताको माग र आकाङ्क्षाको सम्बोधन यो नीति कार्यक्रम र बजेट कार्यान्वयनबाट प्राप्त हुनेछ भन्ने उच्च मनोबलका साथ हामी सबै निरन्तर क्रियाशील हुँदा प्रतिफल प्राप्तिमा सफलता मिल्नेछ।

सभाका सदस्यज्यूहरु,

अब म उल्लेखित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न अनुमानित स्रोत अनुमान रु.१,७६,८०,००,०००। ( अक्षरुपी १ अर्व ७६ करोड ८० लाख रुपैया मात्र ) सामजिक सुरक्षा समेतलाई देहायका विषय क्षेत्रमा देहाय बमोजिम श्रोत परिचालन गर्ने अनुमान गरेको छु।

**१. सामाजिक क्षेत्रः**

स्वास्थ्य तथा पोषण, शिक्षा, भाषा, कला तथा साहित्य, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा सामावेशीकरण, युवा, खेलकुद तथा नवप्रवर्तन, सामाजिक सुरक्षा तथा पञ्जीकरणका लागि कुल रु. **६५ करोड ६४ लाख ८९ हजार ५ सय** अनुमान गरिएको छ।

**२. भौतिक पूर्वाधर क्षेत्रः**

भवन तथा बस्ती विकास, सडक, पुल तथा यातायात, जलश्रोत, उर्जा तथा स्वच्छ उर्जा, सूचना तथा सञ्चार प्रविधिको लागि **रु. ५० करोड ७५ लाख १० हजार ५ सय रकम** अनुमान गरिएको छ।

**३. सुशासन तथा संस्थागत विकासः**

नीति, कानून, न्याय तथा सुशासन, सङ्गठन तथा क्षमता विकास, जनशक्ति विकास तथा सेवा प्रवाह, तथ्याङ्कीय प्रणाली, योजना अनुगमन तथा विकास व्यवस्थापनको लागि **रु. २८ करोड ७० लाख** अनुमान गरिएको छ।

**४. आर्थिक विकासः**

कृषि विकास, पशुपन्छी विकास, सिँचाई, उद्योग, व्यापार तथा व्यवसाय, पर्यटन तथा संस्कृति, भूमि, व्यवस्था, सहकारी तथा वित्तीय सेवा र श्रम, रोजगार तथा गरिबी निवारणको लागि **रु. २५ करोड ८० लाख** अनुमान गरिएको छ।

**५. वातावरण तथा विपद व्यवस्थापनः**

वन, भू-संरक्षण तथा जैविक विविधता, वातावरण, संरक्षण तथा फोहरमैला व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलनका लागि **रु. ९ करोड ९० लाख रकम** अनुमान गरिएको छ।

उल्लेखित विषय शीर्षकमा कुल बजेट **रु. १ अर्व ७६ करोड ८० लाख** रकम रहेको छ जसमध्ये चालूतर्फ **रु. ९९,००,८०,०००। अक्षरुपी ९९ करोड ८० हजार रुपैया मात्र) ५६%** र पुँजीगततर्फ रु. **७७,७९,२०,०००। (अक्षरुपी ७७ करोड ७९ लाख २० हजार रुपैया मात्र) ४४ %** खर्च हुने अनुमान गरिएको छ

अन्त्यमा,

**सम्मानित सभासदहरू र सहभागीहरू,**

समाजको सुशासन र विकास राजनीतिक दल, नागरिक समाज र कर्मचारीतन्त्रको त्रिपक्षीय सहयोगबिना सम्भव छैन । राजनीतिक नेतृत्वले नीति निर्माण र संरक्षण गर्छन,

कर्मचारीतन्त्रले यसलाई कार्यान्वयन गर्छन र नागरिकहरूले अनुगमन र माग गर्छन । यी तीनै पक्षहरूले आपसी समन्वय, पारदर्शिता र जवाफदेहिताको साथ काम गर्न सकेमा मात्र हाम्रो **"ब्राण्ड बाणगङ्गा: विलिभ बाणगङ्गा"** को सपना साकार हुनेछ ।

हाम्रो लक्ष्य स्पष्ट छ, अधिकारमा आधारित, समावेशी, र समानुपातिक विकास गरी नागरिकहरूको जीवनस्तर उकास्ने । यसका लागि हामीले सुशासन, प्रभावकारी सेवा प्रवाह, र स्थानीय सहभागितालाई प्राथमिकता दिएका छौं । तर, यो यात्रा एकतर्फी हुन सक्दैन । हामीलाई राजनीतिक दलहरू, पूर्व र वर्तमान जनप्रतिनिधिहरू, नागरिक संस्थाहरू, र कर्मचारीवृन्दको साथ सहयोग र सुझावको आवश्यकता छ । विगत देखि वर्तमान सम्म हामीहरुलाई निरन्तर सहयोग सुझाव सल्लाह र सहकार्यमा जुट्नुहुने सबै राजनैतिक दल संघ र प्रदेशका माननीयज्यूहरु, मन्त्रीज्यूहरु, नगरपालिकामा क्रियाशील सबै संघ संस्था तथा समग्र नागरिक क्षेत्र, पत्रकारजगत र कर्मचारी वर्गमा हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दै निरन्तर सहयोगको अपेक्षा सहित विदा चाहन्छु ।

धन्यवाद !